मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १९८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ जेठ २२ गते आइतबार (Sunday, June 5. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## नक्कली नोटसहित तीन जना पक्राउ

**कैलाली, जेठ २१।** धनगढी उपमहानगरपालिका-१ हाटबजारबाट ३० थान र अभियुक्तको कोठाबाट ८ थान गरी एक हजार दरका जम्मा ३८ थान नक्कली नेपाली नोट सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-७ बस्ने ३५ वर्षीया सुमित्रा राना, सोही उपमहानगरपालिका-८ बस्ने ३८ वर्षीया चन्द्रा बोहरा र सोही महानगरपालिका-२ सन्तोषी टोल डेरा गरी बस्ने सोही उपमहानगरपालिका-१४ घर भएकी २७ वर्षीया रितु चौधरी रहेका छन्।

# प्रदेश १: बजेट ३४ अर्ब, खर्च १८ अर्ब

### आर्थिक मामिला मन्त्री भन्छन्– भौतिक प्रगति भयो, आर्थिक प्रगति देखिएन

**सुमन पुरी**



**विराटनगर, जेठ २१।** आर्थिक वर्ष सकिनै लाग्दा प्रदेश १ सरकारले चालू आर्थिक वर्षमा ५४ प्रतिशत मात्र बजेट खर्च गरेको छ। साढे ३४ अर्बको बजेटमा प्रदेश सरकारले १८ अर्ब मात्रै खर्च गर्न सकेको हो।

कृषि, स्वास्थ्य र पूर्वाधारमा प्रदेश सरकारले गरेको खर्चको आँकडा हेर्दा बजेट कार्यान्वयनको अवस्था फितलो देखिएको छ। आगामी साता असार १ गते प्रदेश सरकारले नयाँ आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्नैपर्ने संवैधानिक व्यवस्था छ। त्यसअघि अहिले प्रदेश सरकारले नीति कार्यक्रमहरु प्रस्तुत गरिरहेका छन्।

नयाँ आर्थिक वर्षको बजेटको तयारी भइरहेका बेला प्रदेश १ सरकारको चालू आर्थिक वर्षको समीक्षा गर्दा सकारात्मक परिसूचक देखिन सकेका छैनन्।

**खर्चको अवस्था दयनीय**

आर्थिक बर्ष २०७८/०७९का लागि प्रदेश सरकारले ३४ अर्ब ५४ करोड १३ लाख २८ हजार रुपैयाँको बजेट विनियोजन गरेको थियो। विनियोजित रकममध्ये जेठ १५ सम्म १८ अर्ब ४७ करोड २३ लाख १८ हजार ८ सय ६८ रुपैयाँ १४ पैसा मात्रै खर्च भएको छ।

प्रदेश कोष तथा लेखा निर्देशनालयले दिएको तथ्यांक अनुसार यो अवधिमा पुँजीगत तर्फ ९ अर्ब २४ करोड ४९ लाख २४ हजार २७८ रुपैयाँ खर्च भएको छ। चालूतर्फ ९ अर्ब २२ करोड ७३ लाख ९४ हजार ५८९ रुपैयाँ बजेट खर्च भएको छ।

सरकारले चालूआर्थिक बर्षका लागि १७ अर्ब ९७ करोड ७ लाख ३२ हजार रुपैयाँ पुँजीगत बजेट बिनियोजन गरेको थियो। चालूतर्फ भने १६ अर्ब ५४ करोड ५ लाख ९६ हजार रुपैयाँ बजेट खर्च भएको छ।

प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले सबैभन्दा बढी ९६ प्रतिशत बजेट खर्च गरेको छ। सबै भन्दा कम २० दशमलव १२ प्रतिशत आन्तरिक मामिला तथा कानून मन्त्रालयले खर्च गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले २ अर्ब २३ लाख २४ हजार १४९ रुपैयाँ खर्च गरेको छ। सो

(बाँकी अन्तिम पृष्ठमा)

# सेल्फी डाँडा पनि विवादमा

**झापा, जेठ २१।** झापा र इलाममा छुट्टाछुट्टै फनपार्क सञ्चालन गर्दै आएका कनकाई नगरपालिकाका दिनेश शिवाकोटी एकपछि अर्को विवादमा तानिएका छन्।


शिवाकोटीले झापाको कनकाई नगरपालिकामा केही वर्ष अघिदेखि सञ्चालनमा ल्याएको हेप्पी लेण्ड फनपार्क (सेल्फी डाँडा) ले नगरपालिकालाई मनोरञ्जन कर समेत नतिरेपछि विवादमा तानिएका हुन्। कनकाई नगरपालिका २ र ३ को सीमानामा हेप्पी लेण्ड फनपार्क सञ्चालनमा रहेको छ। उनले सो पार्कबाट वर्षेनि करोडौं रुपैयाँ आम्दानी गर्दै आएका छन्।

सुरुङ्गामा सञ्चालित फन पार्कबाट मनग्य आम्दानी लिइरहेका सञ्चालक शिवाकोटीले इलामको माई नगरपालिका-२मा समेत चेप्टी फनपार्क सञ्चालनमा ल्याएका थिए। सो पार्क सञ्चालनका क्रममा उनले सामुदायिक वनको जमिन हडपेपछि विवादमा तानिएका हुन्। अहिले सो विषयलाई लिएर छानविन समिति समेत गठन भएको र गठित समितिले काम शुरु गरेको बताइएको छ।

शिवाकोटीले कनकाई नगरपालिकाले मनोरञ्जन कर बुझाउन पटक-पटक तागेता गर्दा समेत उनले कर नतिरेको नगरपालिकाले जनाएको छ। कनकाई नगरपालिकाले तत्काल कर बुझाउन भनी पटक-पटक सेल्फी डाँडो समेत



**कनकाई नपाले ताकेता गर्दा समेत कर नबुझाएपछि प्रतिवेदनमा यसरी उल्लेख गरियो :**



६०. ह्याप्पी ल्याण्ड सेल्फी डाँडा: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तरगत बिभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। कनकाई नगरपालिकाको वार्षिक निति तथा कार्यक्रम २०७६।७७ मा पनि व्यवस्था भए बमोजिम आन्तरिक तथा बाह्य पर्यटकहरुसंग प्रवेश शुल्कमा कर सम्बन्धि कर असुल गर्ने संस्था संग प्रति पर्यटक प्रवेश टिकटको ५ प्रतिशत प्रवेश शुल्क लिने व्यवस्था भएकोमा आर्थिक वर्ष २०७५।७६ देखि कनकाई नगरपालिका वडा नं २ मा संचालित ह्याप्पी ल्याण्ड सेल्फी डाँडा पर्यटकिय क्षेत्रले स्थापना काल देखि हाल सम्म नगरपालिकालाई बुझाउनु पर्ने पर्यटक प्रवेश शुल्क बारम्बार ताकेता गर्दा समेत नबुझाएकोले यथासिघ्र स्थापना काल देखिको बार्षिक लेखा परीक्षण प्रतिवेदन सहित नियमानुसार बुझाउनु पर्ने रकम प्राप्त गर्नु पर्दछ।

भनिने ह्याप्पी ल्याण्ड फनपार्कलाई पत्र काटेपनि उनले अटेर गरिरहेको नगरपालिकाले जनाएको छ।

कनकाई नगरपालिकाको मनोरञ्जन कर शीर्षकमा हरेक टिकटबाट ५ प्रतिशत रकम नगरपालिकालाई तिर्नुपर्ने व्यवस्था छ। हैप्पी लैण्ड फनपार्क अर्थात् सेल्फी डाँडाले हालसम्म ५ बर्षमा कम्तीमा पनि करोडौ रुपैयाँ कर कनकाई नगरपालिकालाई तिर्नुपर्ने देखिन्छ। ह्याप्पी ल्याण्डले कम्तीमा २ सय र विशेष अवस्थामा ५ सय रुपैयाँ प्रतिटिकटको रकम लिएर मानिसहरुभित्र प्रवेश गराउने गरेको छ।

### होस्टेलमा छात्रामाथि यौनदुर्व्यवहार

## वार्डेन फरार, प्रिन्सिपल पक्राउ

**काठमाडौं, जेठ २१।** काठमाडौंको जोरपाटीस्थित सर्वनाम शिक्षालय क्षेत्र शनिवार तनावग्रस्त रह्यो।

उक्त शिक्षालयका होस्टल वार्डेन रामजी बस्नेतमाथि बालिकाहरूलाई यौन दुर्व्यवहार गरेको आरोप लागेको छ।

सो आरोपसँगै शिक्षालयमा अध्ययनरत् विद्यार्थीका अभिभावकहरुले बस्नेतमाथि कारबाहीको माग गर्दै आन्दोलन गरिरहेका छन्।

यसैबीचमा महानगरीय प्रहरी वृत्त बौद्धले शिक्षालयका प्रिन्सिपल दुर्गानाथ शिवाकोटी र उनकी श्रीमतीलाई सोधपुछका लागि नियन्त्रणमा लिएको छ।

आरोपित वार्डेन बस्नेत भने अहिले फरार रहेका छन्। उनको खोजी कार्य भइरहेको महानगरीय प्रहरी वृत्त बौद्धका डीएसपी ढुण्डीराम न्यौपानेले बताए। पीडित भनिएका छात्राहरु ९ देखि १२ वर्ष उमेर समूहका छन्।

## रेष्टुरेन्टमै जवरजस्ती, नदी किनारमा बालिकालाई करणी

**काठमाडौं, जेठ २१।** २० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा काठमाडौं चाबहिल बस्ने दोलखा तामाकोशी गाउँपालिका-६ च्यामा घर भएका १९ वर्षीय जीवन केसीलाई शुक्रवार राति प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-१ हात्तीसारस्थित रेष्टुरेन्टमा वेटर काम गर्ने जीवनले ती महिलालाई सोही रेष्टुरेन्टमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त दरवारमार्गबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता रुपन्देहीकी १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा तीन जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा शुद्धोधन गाउँपालिका-१ बस्ने १९ वर्षीय सोनु मल्लाह, २१ वर्षीय टीकाराम

(बाँकी अन्तिम पृष्ठमा)

## गोछे र जोशना पुरस्कृत

### प्रेस युनियन झापाको बार्षिक सभा



**बिर्तामोड, जेठ २१।** झापाको विर्तामोडमा शनिवार आयोजित एक कार्यक्रमकाबीच दुई पत्रकार पुरस्कृत भएका छन् भने १० जनालाई सम्मान गरिएको छ।

नेपाल प्रेस युनियन झापा शाखाको बार्षिक साधारणसभा, पुरस्कार वितरण, सम्मान तथा शुभकामना कार्यक्रममा पत्रकार गोविन्दचन्द्र छेत्री (गोछे) र जोश्ना श्रेष्ठसहित स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि, पुरस्कार अक्षयकोषका दाता तथा संस्थाले पत्रकारहरुको बृहत्तर हित तथा बहुउद्देश्यीय लक्ष्य राखेर स्थापना गरेको 'नेपाल प्रेस युनियन पत्रकार अक्षयकोष' बृद्धिका लागि सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको हो।

नेपाल प्रेस युनियन झापा शाखाका अध्यक्ष इन्दु पूर्वेलीको अध्यक्षता तथा प्रदेश सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री ओमप्रकाश सरावगीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो।

नेपाल प्रेस युनियनका केन्द्रीय पार्षद् यज्ञप्रसाद र शकुन्तला पाठकले दिवंगत बुबाआमा टंकप्रसाद-रमादेवी पाठकको स्मृतिमा स्थापना गरेको टंकप्रसाद-रमादेवी पाठक स्मृति पत्रकारिता पुरस्कारबाट भद्रपुरबाट प्रकाशित नयाँ सन्दर्भ साप्ताहिकका सम्पादक गोविन्दचन्द्र छेत्री, तथा छोरीज्वाइँ टीकादेवी-कृष्णकुमार संग्रौलाले प्रेस युनियनमा स्थापना गरेको रमादेवी-टंकप्रसाद स्मृति पत्रकारिता पुरस्कारबाट रेडियो विराटमा कार्यरत जोश्ना श्रेष्ठलाई

(बाँकी अन्तिम पृष्ठमा)

## पूर्वाञ्चलकर्मी ढकाललाई गोरखापत्र बाजे स्मृति पत्रकारिता पुरस्कार



**झापा, जेठ २१।** ११ हजार रुपैयाँ पुरस्कार राशिको गोरखापत्र बाजे स्मृति पत्रकारिता पुरस्कारबाट नरेन्द्र ढकाल पुरस्कृत भएका छन्।

पूर्वाञ्चल दैनिकको अनलाइनका समाचार संयोजक ढकाललाई स्वतन्त्र पत्रकार महासंघको चौथो राष्ट्रिय महाधिवेशनमा उक्त पुरस्कार प्रदान गरिएको हो।

स्वतन्त्र पत्रकार संघ झापाका अध्यक्ष समेत रहेका पुरस्कृत ढकाललाई गौंडाकोट नगरपालिकाका मेयर मदनभक्त अधिकारीले सम्मानपत्र प्रदान गर्दै पुरस्कारको नगद राशि प्रदान गरेका थिए।

योसंगै उद्घोष दैनिकका प्रधानसम्पादक तथा स्वतन्त्र पत्रकार संघका सल्लाहकार मोहन भण्डारीलाई २५ हजार रुपैयाँ पुरस्कार राशिको सामाजिक विकास पत्रकारिता पुरस्कार प्रदान गरिएको छ। भण्डारी बिराटनगरमा रहेर लामो समयदेखि पत्रकारिता गर्दै आएका छन्। पुरस्कृत भण्डारीले सामाजिक विकासका लागि कुनै पार्टीको झण्डा नबोकी स्वतन्त्र पत्रकारिता गर्नु पर्नेमा जोड दिएका थिए।

# पूर्वराजा महेन्द्रको शालिक राख्ने अडान

**पार्थ मण्डल**



**झापा, जेठ २१।** पूर्व राजा महेन्द्रको शालिक पुनर्स्थापन समितिलाई भद्रपुर-८स्थित महेन्द्र पार्क प्रवेशमा सुरक्षाकर्मीले रोक लगाएको छ।

सुरक्षाकर्मीले समितिका संयोजक सञ्जीव मैनालीसहितको टोलीलाई पार्कको मुख्य प्रवेशद्वार मै रोकेपछि दुई घण्टासम्म स्थिति तनावपूर्ण बनेको थियो। पार्कभित्र पूर्व राजा महेन्द्रको अर्धकदको शालिक राख्ने समितिको पूर्वघोषित कार्यक्रम अनुसार शनिवार दिउँसो १ बजे र्‍यालीसहित उनीहरू त्यहाँ पुगेका थिए।

राष्ट्रिय झण्डा, व्यानरसहित हातमा कुचो बोकेर पुगेका उनीहरूलाई सुरक्षाकर्मीले पार्कभित्र प्रवेश गर्न दिएन। उनीहरू सरसफाइ गर्न त्यहाँ पुगेका थिए। तर, पनि सुरक्षाकर्मीले उनीहरूलाई सडकमै रोक्यो। पार्कभित्र प्रवेश गर्न नपाएपछि उनीहरू विरोध प्रदर्शनमा उत्रिए। उनीहरूले सडक नै अवरोध गरी स्थानीय सरकार र प्रशासनबिरुद्ध चर्को नाराबाजी समेत गरे।

उनीहरूले बल प्रयोग गरेर पार्कभित्र छिर्न खोज्दा सुरक्षाकर्मीले पनि बल प्रयोग गरेर उनीहरूलाई रोकेका थिए। दुवै पक्षबीच सामान्य घम्साघम्सी भए पनि झडपको स्थिति भने नआएको बताइएको छ। जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी बसन्त पाठक र सशस्त्र प्रहरी बल नम्बर २ गण झापाका डीएसपी प्रेम पोखरेल समेत घटनास्थलमा उपस्थित थिए।

अन्ततः उनीहरू सदरमुकाममा आधा घण्टा यातायात बन्द गरी बिरोध प्रदर्शन गरेर फर्किएका थिए। भद्रपुरको ट्रेड युनियन चोकको बिच सडकमै बसेर उनीहरूले यातायात बन्द गराउँदा सवारीसाधन र यात्रुले सास्ती झेल्नु परेको थियो। त्यसपछि उनीहरू कोणसभा गरी कार्यक्रम समापन गरी फर्किए।

**राजाको शालिक राखी छाड्ने अडान**

पूर्वराजा महेन्द्र शाह शालिक पुनर्स्थापन समितिका संयोजक सञ्जीव मैनालीले पार्कभित्र जसरी पनि राजाको शालिक राखेरै छाड्ने बताएका छन्। विगत १६ वर्षदेखि कुनै स्थानीय सरकारले वास्ता नगर्दा जीर्ण बनेको, सरसफाई र रंगरोगन नपाएको महेन्द्र बाटिकालाई नयाँ जीवन दिएर, पूर्ववत् अवस्थामा फर्काउन हामी लागेका छौं- उनले भने। 'हाम्रो शान्तिपूर्ण अभियानसहितको कार्यक्रममाथि भद्रपुर नगरपालिका र स्थानीय प्रशासनले हस्तक्षेप गर्‍यो'- उनले भने- 'हामी चुप लागेर बस्दैनौं, यो अभियानको शुरुवात हो, हामी जसरी पनि पूर्व राजा महेन्द्रको शालिक राखेरै छाड्छौं।'

प्रशासनले स्थानीय सरकारसँग सहकार्य र समन्वय गरे मात्र शालिक राख्नुहोस् भनिरहेको अवस्थामा तपाईंहरूले कि समन्वय गर्नुभएन भन्ने जिज्ञासामा उनले भने- 'स्थानीय सरकारले शालिक राख्न कार्यपालिका

(बाँकी अन्तिम पृष्ठमा)

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*

## घाइते विद्यार्थीको उपचारको माग



**रत्नबहादुर बस्नेत**

**बिर्तामोड, जेठ २१।** झापाको बिर्तामोड-१० स्थित विराट आधारभूत विद्यालयका घाइते विद्यार्थीको सहज र सुनिश्चित उपचारको व्यवस्था गरिदिन पीडित अभिभावकले माग गरेका छन् ।

विद्यालयमा एक तला माथिबाट लडेर घाइते भएका बिर्तामोड -९ का प्रदीप राजवंशीको उपचारमा समस्या देखिएपछि पीडित बालकका अभिभावकले यस्तो माग गरेका हुन् । सो बिद्यालयमा कक्षा-७मा अध्ययनरत् राजवंशी गत जेठ १४ गते नवनिर्मित भवनको एक तलामाथिको झ्यालबाट भूइँमा झरेर घाइते भएका थिए । टिफिनको समयमा ग्रील नभएको झ्यालबाट अचानक खसेर उनको दुवै खुट्टा र एउटा हात भाँचिएको थियो ।

बिर्तामोडको मनमोहन अस्पतालमा उपचाररत उनलाई चार दिनको उपचारपश्चात् घर फर्काइएको उनकी हजुरआमा सेरना राजवंशीले बताइन् । उपचारपछि घरमा ल्याइए पनि ३/३ दिनमा ड्रेसिङका लागि अस्पताल लैजानुपर्ने र त्यसका लागि अस्पताल लैजाँदा फाइल ल्याउनु भन्दै डाक्टरले ड्रेसिङ गर्न नमानेको प्रदीपको सानीआमा तारा राजवंशीले बताइन् । पछि मुस्किलले मात्र उपचार गरिदिएको र त्यसका लागि २ हजार ४ सय खर्च आफैंले तिरेको उनले बताइन् ।

हालसम्म लागेको १ लाख २० हजारमध्ये ६८ हजार रुपैयाँ मात्र बिद्यालयले भुक्तानी गरेको र अरु बाँकी रहेकाले पनि सो समस्या आएको उनले बताइन् । उनीहरुले अप्रेशन गरी स्टील राखिएको र त्यसलाई निकाल्न थप एक लाख बढी खर्च लाग्ने डाक्टरले बताएको र कमजोर आर्थिक अवस्थाका कारण आफूहरुले सो खर्च व्यहोर्न नसक्ने भएकाले विद्यालयले नै उपचारको व्यवस्था मिलाइदिनुपर्ने उनीहरुको माग छ ।

यता वडाध्यक्ष हरि चौलागाँईलाई समस्याबारे जानकारी गराए पनि उनी नआएको पीडित अभिभावकले गुनासो गरेका छन् । आफूहरुले पनि ३० हजारभन्दा बढी खर्च गरिसकेको उनीहरुको भनाइ छ । विद्यालय व्यवस्थापन समिति सदस्य तथा स्थानीय अभिभावक खेम चुडाल र अर्जुन उप्रेतीले विद्यालयका हाताभित्रको घटना भएकाले सम्पूर्ण उपचारको जिम्मा विद्यालय प्रशासनले लिई बिद्यार्थीको उपचारको सहज व्यवस्था मिलाइदिन आग्रह गरे ।

पहिलेको निर्णय अनुसार उपचार खर्च विद्यालयले गरेको र बाँकी उपचार खर्चको सुनिश्चितताकाबारेमा पनि छलफल गरेर निर्णय गरिने विद्यालयका निमित्त प्रधानाध्यापक भद्रकला प्रसाईले बताइन् । बिद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्ण विमलीले नगरपालिका, वडा, अभिभावक सबैसँग समन्वय गरेर सबैको सहयोग लिएर अघि बढ्ने बताए ।

# कुखुराको मासु: भाउ बढ्नुका तीन कारण

**काठमाडौं, जेठ २१।** गत वर्षको तुलनामा यो वर्ष कुखुराको मासुको भाउ निकै बढेको उपभोक्ताले गुनासो गर्दै आएका छन् ।

एक हप्ताअधिसम्म काठमाडौं उपत्यकामा खुद्रा मूल्य प्रतिकिलो ४५० रुपैयाँ पुगेको कुखुराको मासु अहिले थोकमा चाहिँ झण्डै ४०० रुपैयाँमा झरेको छ ।

कुखुराको मासुमा लगभग आत्मनिर्भर भइसकेको भनिएको नेपालमा त्यसको मूल्य किन यसरी बढ्न थालेको हो त ? हामीले कुखुरापालक किसानदेखि, दाना उत्पादक तथा मासु बिक्री गर्ने व्यापारीसम्मका व्यक्तिहरूसँग त्यसका कारण खोतल्ने प्रयास गरेका छौँ ।



**कुखुरापालक के भन्छन् ?**

पछिल्लो समय उत्पादन लागतमा भएको वृद्धिका कारण कुखुराको मासुको भाउ बढेको उत्पादकहरूले बताएका छन् । अहिले भाउ बढ्नुका मुख्य तीनवटा कारण देखिएको नेपाल पोल्ट्री महासङ्घका अध्यक्ष गुणचन्द्र विष्ट बताउँछन् ।

दानाका लागि चाहिने कच्चा पदार्थको भाउ बढेर दानाको मूल्य बढ्नु, मासु बेच्नेहरूले क्रय र विक्रय मूल्यबीच धेरै अन्तर राख्नु र केही समयअघि बर्डफ्लूको हल्लाका कारण कतिपय किसानले चल्ला नराख्दा माग जति उत्पादन नहुनु हो- उनले भने । कुखुरापालक किसानलाई जस्तो मासुलाई जोखिम (चल्ला मर्नेदेखि कुखुरालाई रोगव्याधि लाग्नेसम्म) पनि छैन, तर मार्जिन पनि बढी राख्छन्- उनले थपे ।

एउटा कुखुरा डेढ किलो दानामा तयार हुनुपर्नेमा परम्परागत पालनका कारण दुई किलोभन्दा बढी खर्च हुने गरेको विष्ट बताउँछन् । चल्लाको र दानाको दाम जोड्दा किसानलाई अहिले पनि प्रतिकिलो २५० रुपैयाँ जति लागत पर्न आउँछ- उनले थपे ।

**दाना उत्पादक के भन्छन् ?**

कुखुराका दाना उत्पादकहरू सरकारले कच्चा पदार्थको रूपमा चाहिने मकै तथा भटमासको आयातमा शुल्क बढाएको कारण पनि दानाको भाउ बढ्दै गएको बताउँछन् ।

नेपाल दाना उद्योगी संघका अध्यक्ष रवीन पुरीका अनुसार अर्थमन्त्री युवराज खतिवडाको पालामा कृषि सुधार शुल्क बढेपछि मकै, भटमास र पिना आयातमा लाग्ने खर्च बढ्दै गएको हो । उनका अनुसार कुखुराको दानामा भटमास र पिनाको हिस्सा ८५ प्रतिशतसम्म हुने गर्छ ।

अहिले फेरि युक्रेन-रुस युद्धका कारण पनि ती कच्चा पदार्थको मूल्य बढेको छ । दानामा भटमासको तेल पनि हाल्छौं, तेलको भाउ तपाईंलाई थाहै होला- पुरीले भने । गत वर्षको तुलनामा मकै र भटमासको मूल्यमा ४० प्रतिशतसम्म बढेको छ । गतवर्षको तुलनामा एक बोरा दानाको मूल्य १,३०० रुपैयाँले वृद्धि भएको छ । गत एक वर्षमा कुखुराको दाना बनाउनका लागि मात्रै नेपालले ३४ अर्ब रुपैयाँ बराबरको मकै र भटमास आयात गरेको उनले बताए ।

**मासु विक्रेता के भन्छन् ?**

नेपालमा माग र आपूर्तिबीच सन्तुलन बिग्रिँदा पनि बेलाबखत कुखुराको मासुको भाउ निकै बढ्ने गरेको विक्रेताहरू बताउँछन् ।

कहिलेकाहीँ मागभन्दा पनि बढी उत्पादन भइदिएर भाउ घट्छ भने कहिलेकाहीँ कम उत्पादन भएर भाउ बढ्न जान्छ- काठमाडौं उपत्यकामा कुखुराको मासुको थोक तथा खुद्रा दुवै व्यापार गर्ने भ्याली ग्रुपका हरिकृष्ण रावलले भने ।

तर पछिल्लो डेढ सातायता कुखुराको उत्पादन बढेर मूल्य घट्न थालेको उनी बताउँछन् । हाम्रो कुरा भन्नुहुन्छ भने आजको मितिमा प्रतिकिलो ३९१ रुपैयाँमा विक्री गरिरहेका छौँ- रावलले भने । यद्यपि खुद्रा मूल्य अझै प्रतिकिलो ४२५ रुपैयाँमा किन्नुपरेको उपभोक्ताले बताएका छन् ।

**कार्टेलिङ गरेको आरोप किन ?**

मासु विक्रेताबीच 'कार्टेलिङ' का कारण पनि उपभोक्ताले अचाक्ली मूल्य तिर्नुपरेको कतिपयले आरोप लगाउने गरेका छन् । व्यापारीहरूले आफ्नो नाफा बढाउन र प्रतिस्पर्धा सीमित पार्नेगरी वस्तुको मूल्यमा सहमति गर्नुलाई कार्टेलिङ भनिन्छ । तर, रावल त्यसमा सहमत छैनन् । पोल्ट्रीमा त्यस्तो हुन्छ भन्ने मलाई चाहिँ लाग्दैन । यसमा आपूर्ति र मागबीच तालमेल नमिल्दा मात्र भाउ बढ्ने गर्छ । वीवीसी

## कुनै पार्टीमा नजाने थापाको उद्घोष



**झापा, जेठ २१।** नेपाली कांग्रेस पार्टी परित्याग गरी स्वतन्त्र भएका शेरबहादुर थापाले आफू कुनै पार्टीका नजाने बताएका छन् ।

लामो समयसम्म नेपाली कांग्रेसमा रहेर सक्रिय राजनीति गरेका थापाले स्थानीय तहको निर्वाचनमा आफू कनकाई नगरपालिकाको मेयरको रुपमा उम्मेदवार रहने बताउँदै आएका थिए । तर, पार्टीले उनलाई टिकट नदिएपछि नेपाली कांग्रेस परित्याग गर्दै स्वतन्त्र भएका उनी मेयरको रुपमा चुनाव लडेका थिए ।

गत बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी(एमाले)का उम्मेदवार राजेन्द्रकुमार पोखरेल स्वतन्त्र उम्मेदवारी दिएका थापासहित नेपाली कांग्रेसका उम्मेदवार रुद्र चिमरियालाई पछि पार्दै मेयरमा निर्वाचित भएका थिए ।

स्थानीय तहको निर्वाचनमा पराजित भएसँगै आफ्ना मतदाता र शुभचिन्तक भड्काउने हिसाबले आफूमाथि भ्रमात्मक हल्ला फिँजाएको भन्दै उनले सामाजिक सञ्जालमा आफू कुनै पार्टीमा नजाने र स्वतन्त्र भएर बस्ने बताएका छन् ।

## ठगी मुद्दाका फरार पक्राउ

**काठमाडौं, जेठ २१।** ठगी मुद्दाका फरार प्रतिवादी ललितपुर गोदावरी नगरपालिका-४ बस्ने ४८ वर्षीय जीवनकुमार केसीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

उपभोक्ता हित संरक्षण नेपालको जाहेरीले बिगो रकम १ करोड १९ लाख ८४ हजार ५ सय रुपैयाँ ठगी सम्बन्धी कसूरमा संलग्न रही फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-१६ नयाँबजारबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरिएको छ ।

## जिउँदो माछा घाँटीमा अड्किएपछि....

**काठमाडौं, जेठ २१।** थाइल्याण्डका एक मानिसको घाँटीमा अड्किएको माछा निकाल्नका लागि आपतकालीन शल्यक्रिया भएको छ ।

सो माछा पानीबाट उफ्रिएर उनको मुखमा पसेको थियो । थाइल्याण्डको फथलुङ प्रान्तमा माछा मार्ने क्रममा अकस्मात एउटा माछा ती व्यक्तिको मुखभित्र पसेको थाई सञ्चार माध्यमहरूले जनाएका छन् । माछा घाँटीभित्र पसेपछि उनी निस्सासिएका थिए । श्वास फेर्न नसकेपछि घाँटी समाएर अत्तालिएका उनलाई स्थानीयले फथलुङ प्रादेशिक अस्पतालमा पुऱ्याएका थिए ।

एक घण्टा लामो शल्यक्रियापछि रगतले भरिएको माछालाई उनको घाँटीबाट बाहिर निकालिएको थियो । 'मुखभित्र माछा पस्ने घटना निकै दुर्लभ हो । यस्तो केस मैले पहिले कहिल्यै देखेको थिइनँ'- डा. सर्मश्री पाथोमपानिच्रतले भने- 'हाम्रा डाक्टरहरूले हाम्रो बिरामीको अंगमा हुने क्षतिलाई कम गर्न कडा मेहनत गरे । उनीहरूले बिरामीलाई सफलतापूर्वक बचाएका छन् ।'

## रेष्टुरेन्टमै ...

दंगोरिया थारु र सोही गाउँपालिका-२ बस्ने २१ वर्षीय मनोज थारु रहेका छन् । बुटवल-१६ बैठौलीस्थित दनाव नदीको किनारमा सोनु, टीकाराम, मनोज र शुद्धोधन गाउँपालिका-१ शीसै बस्ने प्रेम थारुले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले घटनामा संलग्न ३ जनालाई पक्राउ गरेको हो । साथै हाल फरार प्रेम थारूको प्रहरीले खोजी गरिरहेको छ । दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## पूर्वराजा ...

वा नगर सभाबाट बहुमतले पारित गर्नुपर्ने हुन्छ, त्यो कदापि स्थानीय सरकारले चाहँदैन, त्यसैले समितिले समन्वय र सहकार्य गर्नु कुनै अर्थ नै छैन ।' 'यो पार्क इतिहाससँग जोडिएको सार्वजनिक सम्पत्ति हो, यसमा सबै नागरिकको समान अधिकार हुनुपर्छ'- उनले भने । त्यस्तै समितिका सचिव सन्तोष बिमलीले झापाली युवाहरू स्वत:स्फूर्त रुपमा लागेर जीर्ण पार्कलाई जीवन दिन खोजेको बताए । 'हामी हातहतियारसहित पार्क प्रवेश गर्न खोजेका थिएनौँ'- उनले भने- 'हातमा कुचो बोकेर आउँदा पनि राष्ट्रप्रेमी नागरिकलाई सुरक्षाकर्मीले अपराधीको शैलीमा हस्तक्षेप गर्न खोज्यो, यो घटना अति निन्दनीय छ ।'

शालिक राख्ने अभियानबाट पछि नहट्ने बताउँदै मेचीनगरका गिरिराजमणि पौडेलले भने- 'त्यस क्रममा मर्नु परे पनि हामी पछि हट्दैनौं' । राजाको शालिक राख्न नदिए देशभर रहेका शहीदको शालिक पनि तोड्न तयार रहेको उनले बताए ।

## गोछे ...

पुरस्कृत गरिएको छ । यसैवर्षदेखि वितरण प्रारम्भ गरिएको पुरस्कारको राशि जनही ११ हजार एकसय रुपैयाँ नगद, सम्मान-पत्र र दोसल्ला रहेको छ ।

त्यसैगरी अक्षयकोषका दाताहरु शिव कँडेल, पार्वता खरेल विमली, गंगाप्रसाद मैनाली, कृष्ण गिरी लगायतलाई सम्मान गरिएको कार्यक्रममा पुरस्कार अक्षयकोषका दाता यज्ञप्रसाद-शकुन्तला पाठक, टीकादेवी-कृष्णकुमार संग्रौलालाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा स्थानीय तहमा निर्वाचित गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी, झापा गाउँपालिकाकी उपाध्यक्ष अञ्जु थपलियासहितलाई दोसल्ला ओढाएर सफल कार्यकालको शुभकामनासहित सम्मान गरिएको थियो । पुरस्कृत र सम्मानित सबैलाई प्रमुख अतिथि सरावगीसहित अतिथिहरुले सम्मान-पत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि सरावगी, गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी, झापा गाउँपालिका उपाध्यक्ष अञ्जु थपलिया, नेपाल पत्रकार महासंघ प्रदेश १का कोषाध्यक्ष विमल लामिछाने, पुरस्कृत प्रतिभा तथा प्रेस युनियनका केन्द्रीय सदस्य गोविन्दचन्द्र छेत्री, नारी सञ्चार गृहकी अध्यक्ष भीमा शिवाकोटी, पुरस्कार अक्षयकोषका दाताका तर्फबाट कृष्णकुमार संग्रौला, प्रेस युनियन पत्रकार प्रोत्साहन अक्षयकोषका दाताकातर्फबाट शिव कँडेल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संस्थाको बन्द सत्रले संस्थाको सांगठानिक तथा कोषाध्यक्ष ओमप्रकाश भट्टराईले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पारित गरेको छ । बन्द सत्रको सञ्चालन अध्यक्ष मण्डलका सदस्य राजेन्द्र गौतमले गरेको कार्यक्रममा टिप्पणी प्रस्तुत ज्ञानेन्द्र निरौलाले गरेका थिए ।

उपाध्यक्ष गिरीराज भट्टराईले स्वागत गरेको कार्यक्रमको सञ्चालन डिल्लीराम घोर्साईले गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष एकराज गिरी, उपाध्यक्ष सुशीला संग्रौला, प्रेस चौतारी झापा अध्यक्ष मनकुमार गदाल, समाजवादी प्रेस संगठनका प्रदेश संयोजक तीर्थ सिग्देल, आदिवासी/जनजाति पत्रकार महासंघ झापाका अध्यक्ष भूमिका सुब्बा, नेपाल पत्रकार महासंघ प्रदेश १ का सदस्यहरु विष्णु सुब्बा, लिलाराज झापाली, सुरेन्द्र भण्डारी, लगायतको उपस्थिति रहेको थियो ।

## प्रदेश १...

मन्त्रालयका लागि चालु आर्थिक वर्षका लागि २ अर्ब ७ करोड २६ लाख ४२ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो ।

पुँजीगततर्फ भने आर्थिक मामिला तथा योजना मन्त्रालयको ६७ लाख ३१ हजार ७८८ रुपैयाँ खर्च भएको छ । चालूतर्फ भने आर्थिक मामिला तथा योजना मन्त्रालयको १ अर्ब ९९ करोड ५५ लाख ९२ हजार ३६१ रुपैयाँ खर्च भएको छ ।

सो मन्त्रालयको पुँजीगत बजेट १ करोड ४६ लाख ८० हजार र चालूतर्फ २ अर्ब ५ करोड ७९ लाख ६२ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो । आन्तरिक मामिला मन्त्रालयले ११ करोड ५८ लाख ३८ हजार ३५६ रुपैयाँ मात्रै खर्च गरेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयका लागि ५७ करोड ५६ लाख ३६ हजार रुपैयाँ बजेट विनियोजन भएको छ ।

आन्तरिक मामिला मन्त्रालयले पुँजीगत बजेटमध्ये ४ करोड २७ लाख ३१ हजार रुपैयाँ बजेट खर्च गरेको छ । सो मन्त्रालयको पुँजीगत बजेट ३३ करोड ६८ लाख रुपैयाँ छ ।

चालूतर्फ आन्तरिक मामिला मन्त्रालयले ७ करोड ३१ लाख ६ हजार ८८९ रुपैयाँ खर्च गरेको छ । सो मन्त्रालयको चालू बजेट २३ करोड ८८ लाख ३६ हजार रुपैयाँ रहेको छ ।

समयमै खर्च गर्ने र सबै मन्त्रालयको नियमन गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भने २२ दशमलव ९९ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका लागि यस बर्ष ९५ करोड ७० लाख ६२ हजार रुपैयाँ बजेट बिनियोजन भएको थियो । जसमध्ये २३ करोड ५३ लाख ६९ हजार ३२० रुपैयाँ ९४ पैसा मात्रै बजेट खर्च भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चालूतर्फ २२ करोड ८६ लाख ४८ हजार ८६१ रुपैयाँ खर्च गरेको छ । पुँजीगततर्फ मुख्यमन्त्री कार्यालयले ६७ लाख २० हजार ४५९ रुपैयाँ खर्च गरेको छ ।

**कृषि र स्वास्थ्यमा वाहवाही भयो, खर्च भएन**

यस आर्थिक बर्षका लागि भीम आचार्य नेतृत्वको सरकारले बजेट ल्याएको थियो । कोरोना महामारीका बेला आएको बजेटले स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेको थियो । कृषि र स्वास्थ्य क्षेत्रलाई समेटेर बजेट ल्याएको भन्दै बजेटको प्रशंसा गरिएको थियो । तर, प्राथमिकतामा राखिएका मन्त्रालयकै बजेट खर्च हुन सकेको छैन ।

प्रदेश १ सरकार स्वास्थ्य मन्त्रालयले जेठ १५ गते सम्म ४७.६१ प्रतिशत र कृषि मन्त्रालयले २०.८८ प्रतिशत मात्रै खर्च गरेका छन् ।

प्रदेश सरकारले स्वास्थ्य मन्त्रालयका लागि ३ अर्ब ५८ करोड २३ लाख ७४ हजार रुपैयाँ बजेट बिनियोजन गरेकोमा जेठ १५ सम्म १ अर्ब ७० करोड ५७ लाख ४२ हजार ७० रुपैयाँ खर्च गरेको छ । जसमध्ये चालूतर्फ १ अर्ब ४२ करोड ४१ लाख ६९ हजार १७० रुपैयाँ खर्च भएको छ । पुँजीगततर्फ भने २८ करोड १५ लाख ७२ हजार ९०० रुपैयाँ खर्च भएको छ ।

प्रदेश १ सरकारले स्वास्थ्य मन्त्रालयका लागि पुँजीगत बजेट ९० करोड २५ लाख ६३ हजार रुपैयाँ विनियोजन गरेको थियो । चालूतर्फ २ अर्ब ६७ करोड ९८ लाख ११ हजार रुपैयाँ विनियोजन भएको थियो । कृषिका लागि भने प्रदेश १ सरकारले २ अर्ब ४६ करोड ४९ लाख ४३ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । मन्त्रालयले कृषिमा ५१ करोड ४७ लाख ४ हजार ६१ रुपैयाँ खर्च गरेको छ ।

कृषि मन्त्रालयमा पुँजीगततर्फ १८ करोड ११ लाख ६ हजार रुपैयाँ विनियोजन भएकोमा ६ करोड ९६ लाख ९३ हजार ११७ रुपैयाँ खर्च भएको छ । चालुतर्फ भने कृषि मन्त्रालयले ४४ करोड ५० लाख १ हजार ९४३ रुपैयाँ खर्च गरेको छ । चालू खर्चतर्फ कृषि मन्त्रालयको बजेट २ अर्ब २८ करोड ३८ लाख ३७ हजार रुपैयाँ थियो ।

**पूर्वाधार निर्माणको बजेट पनि खर्च न्यून**

विकासे मन्त्रालयमा मात्रै नभएर भौतिक पूर्वाधार निर्माण गर्ने मन्त्रालयको बजेट पनि खर्च हुन सकेको देखिएको छैन । सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले अहिलेसम्म ५९ प्रतिशत बजेट खर्च गरेको छ । सो मन्त्रालयको कूल बजेट ९ अर्ब २२ करोड ६१ लाख १५ हजार रुपैयाँ थियो । यसमध्ये ५ अर्ब ४५ करोड २६ लाख ९९ हजार ५४८ रुपैयाँ खर्च भएको छ ।

सो मन्त्रालयको पुँजीगततर्फ भने ५ अर्ब ३० करोड ९२ लाख १५ हजार ३०३ रुपैयाँ खर्च भएको छ । मन्त्रालयको ८ अर्ब ९३ करोड ५२ लाख ४५ हजार पुँजीगत बजेट थियो । जेठ १५ गते सम्मको खर्च विवरण हेर्दा खानेपानी ऊर्जा तथा सिञ्चाइ मन्त्रालयको खर्च पनि धेरै हुन सकेको छैन । पूर्वाधारसँग जोडिएका यो मन्त्रालयको अहिलेसम्म ५२ प्रतिशत मात्रै बजेट खर्च भएको छ ।

सो मन्त्रालयले २ अर्ब ९६ करोड २६ लाख २३ हजार ३२७ रुपैयाँ खर्च गरेको छ । मन्त्रालयको कूल बजेट ५ अर्ब ६३ करोड ४८ लाख ३८ हजार छ । पुँजीगततर्फ भने यस मन्त्रालयले २ अर्ब ७२ करोड ८५ लाख ३१ हजार ९०२ रुपैयाँ खर्च गरेको छ । यस मन्त्रालयको पुँजीगत बजेट ५ अर्ब २३ करोड २५ लाख ५० हजार छ ।

**कुन मन्त्रालयको कति खर्च**

प्रदेश १ मा १३ वटा मन्त्रालय छन् । यी मन्त्रालय अन्तर्गत सामाजिक विकास मन्त्रालयले ५५.४७ प्रतिशत खर्च गरेको छ । वन वातावरण तथा भू संरक्षण मन्त्रालयले ५३.४१ प्रतिशत, यातायत व्यबस्था तथा सञ्चार मन्त्रालयले ३५.८७ प्रतिशत खर्च गरेको छ । प्रदेश १ सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले ४९.८३ प्रतिशत र पर्यटन तथा संस्कृति मन्त्रालयले २२.७८ प्रतिशत बजेट खर्च गरेका छन् ।

**अर्थमन्त्री भन्छन्- भौतिक प्रगति भयो, आर्थिक प्रगति देखिएन**

प्रदेश १ सरकारका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्वोले भौतिक प्रगति भए पनि आर्थिक प्रगति नदेखिएको बताए । उनले संघीय सरकारले पठाउने रकम पनि ढिला पठाएको र राजस्व पनि आर्थिक बर्षको अन्त्यमा मात्रै उठ्ने भएकाले आर्थिक प्रगति नदेखिएको तर्क गरे ।

मन्त्री आङ्बोले भौतिक पूर्वाधारको काम सम्पन्न भइसकेको तर भुक्तानी हुन बाँकी रहेकाले खर्च प्रगति नदेखिएको दावी गरे । उनले भने- 'खर्च भएको नदेखिँदैमा यो असारे विकास होइन । हामीले बेलैमा काम सम्पन्न गरेका छौँ, बजेटमात्रै फरफारक भएको छैन ।'

मन्त्री आङ्वोले अहिलेसम्म प्रदेश सरकारको खर्च प्रगति ६० प्रतिशतको हाराहारीमा पुगिसकेको बताए । उनले अहिले धमाधम बजेट फरफारक भइरहेको र अनुगमन गरेर प्रक्रिया टुंगिएको बताए ।

मन्त्री आङ्बोले चालू आर्थिक बर्षमा ८० प्रतिशतभन्दा माथि बजेट खर्च हुने दाबी गर्दै भने- 'अहिले आर्थिक प्रगति नदेखिँदा बजेट खर्च नहोला जस्तो देखिएको छ, काम सम्पन्न भइसकेको र बजेट निकाशा गर्ने काम भइरहेकाले खर्च ८० प्रतिशत भन्दामाथि हुन्छ ।'


**कपडा पसल बिक्रीमा**

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ ।
**मो. ९८४२६९५७८८ ९८०४९६५०८५**

**गाडी विक्रीमा**

विजुलीबाट चल्ने टाटा NEXON कार विक्रीमा छ । ५००० किलोमिटर मात्रै चलेको । **सम्पर्क: ०२७-५४०१६८, ९८४२६२८५६१**

**डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो ।**

**यसका लक्षणहरु :**
- दु:खी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निद्रा धेरै लाग्नु वा नलाग्नु, थकान महशुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

**यसबाट बच्न,**
- परिवार, साथीभाइ तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारीरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापान जस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# पृथ्वीको स्वच्छताको रक्षा गरौं

**पृथ्वी सम्पूर्ण जीवको साझा घर हो । भएका जीवहरु मध्ये मानिस चेतनाका कारण सबैभन्दा उत्कृष्ट प्राणी हो । मानिस यो उच्चतासँगै प्रकृति प्रदत्त सुन्दर पृथ्वीको विनाशका रुपमा समेत परिचित छ । विश्व ब्रह्माण्डको एउटा अंश हो पृथ्वी, जसलाई मानिसले नै विद्रुप बनाएको छ । भौतिक सुखको लालसाले उपहारका रुपमा प्राप्त हावा, पानी, माटो लगायतका जीवन आधारको दोहन तथा अतिक्रमणले प्रदूषित बन्दै गएको वातावरणको असर मानिसले नै व्यहोर्नु पर्नेतर्फ अपेक्षित सचेतना आएको छैन । जसको प्रतिफल विश्वको वातावरण क्रमशः जीवनविरुद्ध बन्दै गएको छ । यही सत्यलाई आत्मसात गरी संयुक्त राष्ट्रसंघको सन् १९७२ को जुन १६ का दिन आयोजित विश्व सम्मेलनले मार्च ५ लाई विश्व वातावरण दिवसका रुपमा मनाउने निर्णय गऱ्यो । विश्वको वातावरण संरक्षणका लागि राजनीतिक र सामाजिक सचेतना जाग्रत गराउनु पर्ने ठहर गर्दै यो दिवस मनाउन आह्वान गरियो ।**

**सन् १९७३ देखि मनाउन शुरु गरिएको विश्व वातावरण दिवसको मूल लक्ष्य भनेको भावी सन्ततिलाई प्रकृतिलाई प्रेम गर्नुपर्छ भन्ने सिकाउनु नै हो । प्रकृति सुरक्षित रहे मात्र सम्पूर्ण प्राणी जगतसँगै मानव सभ्यताको सुरक्षा हुन्छ र मानव जातिको अस्तित्व पनि रहन्छ । यसका लागि प्रत्येक मानिसमा रुखबिरुवा, खोलानाला, वनजंगल, माटो–हावा लगायतका प्रकृतिले निःशुल्क प्रदान गरेका उपहारको यथोचित उपयोग गर्न जान्नु पर्दछ । त्यसैगरी यही पृथ्वीमा रहेका प्रत्येक जीवहरुको एकअर्कासँगको अन्तरनिर्भरता र अन्तरसम्बन्धलाई कायम राख्दै पारिस्थितिक प्रणालीको पनि रक्षा गर्नुपर्छ । किनकि प्राणी, वनस्पतिसँगै मानव जातिका बीचको सहअस्तित्व र अन्तरसम्बन्धले मात्रै वातावरणको संरक्षण हुन्छ र मानव जातिको समेत जय हुन्छ ।**

**आज विकासका नाममा मानिसले गरेका कर्मका कारण कतिपय जीवहरु लोप हुने अवस्थामा पुगेका छन् । स्वच्छता नष्ट हुँदै पर्यावरणीय असन्तुलन व्यापक हुँदै गएको छ । विकासका लागि गरिएका मानवीय गतिविधिले धुलो, धुँवा, ध्वनि, माटो, पानी र वायुमण्डल दूषित बन्दै गएको छ । जसको परिणाममा अनेक रोगहरु महामारीका रुपमा हुर्किरहेका छन् । कृत्रिमताका पछि दौडिने होडमा प्राकृतिक स्वरुपमा संकट उत्पन्न भएको छ । हरिया डाँडा र हरिया वनजंगल मासिएर कंक्रिटका जंगलमा रुपान्तरण भएका छन् । यसले अनेक दुर्लभ चराचुरुङ्गीहरु लोप हुन थालेका छन्, उनीहरुको वासस्थान खोसिएको छ । यसले हाम्रो जीवन कष्टकर बन्दै गएको छ । यस्तो अवस्थामा विश्वको वातावरण जोगाउन हामीमा चेतको खाँचो छ । त्यसैले प्रकृति र जीवनका बीचको सम्बन्धलाई अनुभूत गरौं र विश्वको वातावरणको सुरक्षामा सबै लागौं ।**

## सामाजिक सञ्जाल



वास्तवमा राजाहरूलाई सही सल्लाह दिने भाइ–भतिजा भारदार पृथ्वीनारायण शाहपछि कोही भएनन्, थिएनन् । दरबारभित्र भाइ–भाइबीच मारामार थियो । एउटा पक्ष यो हाम्रो बाबु बाजेको सम्पत्ति हो । जे–जसरी प्रयोग हामी आफू खुशी गर्न सक्छौं । जनता केवल रैति हुन् ।

पृथ्वीनारायणपछि राजा हुने ल्याकतका कोही भएनन् त्यसैले राणाहरूको उदय भयो जब महेन्द्रले निर्वाचित जनप्रतिनिधिको सरकार विगठन गरे त्यही दिन राजतन्त्रको अन्त्यको बीऊ रोपिएको रहेछ ।

वीपीले महेन्द्रलाई राजतन्त्रलाई संवैधानिक राजतन्त्र बनाइ राख्न सल्लाह दिँदै भनेका थिए कि संबैधानिक राजतन्त्रविरूद्ध कहिले आन्दोलन हुने छैन । मुलुकको शासन व्यवस्था त जनताबाट छानिएको प्रतिनिधिले चलाउने हो ।

तर वीरेन्द्र राजा जनताको पक्षमा रहनुपर्छ जनताको समर्थन पनि चाहिन्छ भन्थे । यही भाव नै वीरेन्द्रको वंश नासको बिषय बन्यो । नभए वीरेन्द्रको वंशमात्र कसरी मारिन्थे । वीरेन्द्रको सम्झना भाविपिढीले गरिरहने छ । मदन भण्डारी र वीरेन्द्रको हत्या सानो–ठूलो करिब एउटै मनशायको उपज हो । शायद खोजे पत्ता लाग्छ ।

**– गोपालकुमार बस्नेत**

# प्रदेशका सार्वजनिक स्थलमा अपाङ्गतामैत्री संरचनाको अवस्था



**इन्दू पूर्वेली**

कुनै पनि सार्वजनिक स्थानमा पुगेर सहजरुपमा सेवा सुविधा लिन पाउनु नागरिकको अधिकार हो। राज्यले यसका लागि सकेसम्म व्यवहारिक अनि प्रभावकारी नीति, नियम र कानून बनाउनुपर्छ। यतिले मात्र पुग्दैन, सार्वजनिक स्थलहरु सबै खालका नागरिकका लागि सहज पहुँच हुनेखालको निर्माण गरिनुपर्छ। जुनसुकै स्थानमा जान सबलाङ्गहरुलाई जति सहज हुन्छ, अपाङ्गता भएका व्यक्तिहरुका लागि त्यस्तो हुँदैन। सामान्य व्यक्तिहरुका लागि बनाइएका कतिपय संरचनाहरु अपाङ्गता भएका व्यक्तिहरुका लागि कठिन हुन सक्छन्। यस्तोमा उनीहरुलाई पनि सजिलै पुग्न सक्ने र सबै ठाउँमा पहुँच हुन सक्ने गरी संरचना निर्माण गरिनुपर्छ।

पछिल्लो समय यो कुरामा ध्यान दिँदै कतिपय स्थानमा अपाङ्गतामैत्री संरचनाहरु बनाउने क्रम केही बढेको छ। तर, पर्याप्त र सबैतिर भने छैन। त्यस्तो हुँदा कतिपय सेवा लिनबाट वञ्चित हुनुपर्ने अवस्था देखिएको छ। आउजाउ गर्न कठिन हुने भएकाले झापाको दमक-३, धरधरेकी १८ वर्षीया अमृता लिम्बू विद्यालय जाँदिनन्। दमककै साहिल मर्दी सतारको समस्या पनि उस्तै छ। उनीहरुको खुट्टा चल्दैन। खुट्टा फड्कार्न नहुने र धेरै हिँडडुल गर्न नसक्ने उनीहरु झापा अर्जुनधारा-६ स्थित अपाङ्ग बाल शिक्षा सरोकार केन्द्रको संरक्षणमा छन्। केन्द्रबाट करिब एक किलोमिटरको दूरीमा छ- शनिश्चरे माध्यमिक विद्यालय। अमृतालाई कक्षा ६ र साहिललाई कक्षा ८ मा भर्ना गरिएको छ। ‘सुविधा छैन, गाडी छैन, स्कूल पनि अपाङ्गमैत्री छैन’ -अमृताले भनिन्- ‘त्यही भएर नगएको।’

केन्द्रमा ११ बालबालिका र एक जना शिक्षिका छन्। स्वाध्यायन र उनीसँगै शिक्षा लिएर कक्षागत परीक्षा दिइरहेको आंशिक अपाङ्गता भएका एवम् त्यहाँ सेवारत ओमप्रकाश मेचेले बताए। ‘स्कूल पठाउँदा रुङ्ने मानिस सँगै चाहिन्छ’ -उनले भने- ‘आफैं जान सक्दैनन, ह्वीलचेयरको सहारामा पुगे पनि कक्षामा जान सहारा चाहिन्छ। सिकाइ अभ्यास पनि मिल्दैन।’ त्यसैले उनीहरुलाई परीक्षा दिने ब्यवस्था पनि केन्द्रमै गरिएको सञ्चालक कृष्ण दुलालले बताए। शारीरिक रुपमा पूर्ण एवम् आंशिक अपाङ्गता भएका र सुस्त मनस्थितिका बालबालिकामध्ये अर्जुनधारा-११ का युदेन आङ्देम्बे र विराटनगरकी केशु शर्मा पढ्न सक्दैनन्। ह्वीलचेयरको प्रयोग बिना केही गर्न नसक्ने दुबै जनामा सुस्तःमनस्थिति र बोली नआउने समस्या छ। साङ्केतिक भाषामात्रै बुझ्छन्।

**कानूनको प्रभावकारी कार्यान्वयन जरुरी**

सार्वजनिक महत्वका भवन, विद्यालय, सरकारी कार्यालय एवम् सेवाप्रदायक निकायका भवन अपाङ्गमैत्री छैनन्। यसले गर्दा पाँच लाखभन्दा बढी अपाङ्ग सार्वजनिक सेवाको पहुँचबाट टाढा छन्। अपाङ्गता भएका व्यक्तिको अधिकार ऐन-२०७४, ‘अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका-२०६९’, कानून, नीति र निर्देशन एवम् नेपालको संविधान-२०७२ ले पनि अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई स्थापित गरेको छ। सबै सार्वजनिक सेवासुविधामा पहुँचको अधिकार समावेश गरेको छ। तर, व्यवहारमा लागू भएको छैन। नेपालले अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेको छ। विश्वव्यापी पहुँचका लागि पर्याप्त सुविधा उपलब्ध गराउनुपर्ने भए पनि अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक सेवामा पहुँचको व्यवहारिक पक्ष भने कमजोर देखिन्छ।

**संरक्षण केन्द्र छैनन् अपाङ्गतामैत्री**

झापा, इलाम, मोरङ, सुनसरी, भोजपुरसहित विभिन्न जिल्लाका १७ भन्दा बढी बालबालिकालाई संरक्षण गरिरहेको कनकाई नगरपालिका-१, झापाको ‘सुस्त मनस्थिति सरोकार केन्द्र’ नै अपाङ्गमैत्री छैन। दुई तले भवनको माथिल्लो तलामा बालबालिकालाई राखिएको छ। मुख्य प्रवेशद्वार बन्द रहन्छ। ‘गेट खोलिसक्दा यी सबै सडकमा पुग्छन्। गाडीले किच्ला भन्ने डर हुन्छ’ -केन्द्रकी सञ्चालक शान्ता पोखरेलले भनिन्।

मातापिताको ठेगाना नै नखुलेकी पूर्णिमा गुरुङ (१८ अनुमानित उमेर) २०७२ सालदेखि त्यहाँ संरक्षित छन्। उनको मुन्टो सिधा हुँदैन। खुट्टा बाङ्गा र लुला छन्। बोल्न सक्दिनन्। धेरैजसो समय कुर्सीमा टाउको ठोकिरहन्छिन्। त्यसैले निधारभरि घाउ छ। ‘अहिले त घाउ धेरै ओभायो’ -पोखरेलले भनिन्- ‘घाउ नहोस् भनेर कपडा राखिदिएको तर हातले पनि जतिबेलै टाउको ठोकिरहन्छे।’ इलाम अस्पताल बाहिर बेवारिसे अवस्थामा भेटिएकी उनलाई इलामको राहसल बालआश्रममा राखिएको थियो। त्यसबेला पुरुषहरु मात्रै कर्मचारी रहेको बालआश्रमले महिनावारी हुन थालेपछि स्याहार-सुसारमा भएको अफ्ठ्यारोका कारण पूर्णिमालाई आफ्नो केन्द्रमा पठाएको पोखरेलले बताइन्।

केन्द्रमा संरक्षित पूर्णिमा र सीता बाहेक अरु सबै हिँडडुल गर्न सक्छन्। तर, सुस्तमनस्थिति भएकाहरुलाई समस्या छ। भोजपुरकी बन्दिरा राई र झापा बाह्रदशीकी सीता ओली यौनहिंसामा परेपछि त्यहाँ ल्याइएका हुन्। छ महिनाको गर्भसहित उद्धार गरिएकी बन्दिरालाई २०७७ असोजमा ल्याइएको हो। ‘बच्चा मरेको थियो। टाउको अनौठो थियो’ -पोखरेलले भनिन्- ‘सीतालाई यहाँ ल्याउँदा सात महिनाको गर्भ थियो। उनीबाट पनि मृत बच्चा नै जन्मियो।’

केन्द्रका बालबालिकालाई अस्पताल पुऱ्याउन अत्यन्तै असहज भएको उनी बताउँछिन्। ‘मेयरसा’बले एम्बुलेन्स चाहिँ फ्रि गरिदिनुभएको छ’ -उनले भनिन्- ‘धेरैजसो सुरुङ्गा स्वास्थ्य चौकीमा लान्छौं। पूर्णिमा, सीतालाई त तल उतारेर एम्बुलेन्समा हाल्नै सकिँदैन। अस्पताल पुऱ्याएर उतार्नै गारो। अस्पतालको सेवा तल्लो तलामा भएकाले केही सहज छ।’ केन्द्र भाडाको घरमा छ। भवन, शौचालय, धारा अपाङ्गमैत्री छैनन्। केन्द्रको घर बनिरहेको र अब बन्ने घर चाहिँ पूर्ण अपाङ्गमैत्री हुने उनले बताइन्। दुईतले भवन निर्माण शुरु गरिएको र पहिलो तलामा अपाङ्गता भएका पुरुष एवं माथिल्लो तलामा महिलालाई राख्ने योजना छ।

अर्जुनधारा-६ को बाल शिक्षा सरोकार केन्द्र पनि पूर्ण अपाङ्गमैत्री छैन। भाडामा बसेको केन्द्रका शौचालय र धारा चाहिँ सबैको पहुँचयुक्त रहेको मेचेले बताए। पुराना संरचना भएका कारण अपाङ्गमैत्री नभएको, प्यासेज अत्यन्तै सानो रहेको उनले सुनाए। ‘प्रदेशका केही पुनःस्थापना केन्द्र भाडामा राखिएका छन्, ती सबै पूर्ण अपाङ्गमैत्री पाइँदैन’ -राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश १ कि निवर्तमान अध्यक्ष पार्वता श्रेष्ठले भनिन्- ‘कतिपय स्थानमा डे-केयर सेन्टर मात्रै छन्, ती पनि अपाङ्गमैत्री छैनन्। पुनर्स्थापना केन्द्रहरुमा स्लोप्याम्प बनाइए पनि पूर्ण अपाङ्गमैत्री छैनन्।’

**पछिल्ला संरचना आंशिक अपाङ्गतामैत्री**

पछिल्लो समय सरकारी नीति कार्यान्वयनका लागि अपाङ्गमैत्री संरचना नबने नक्सा पास नै नहुने नियम छ। उक्त बाध्यकारी नियम पालनाका लागि १० वर्षयता बनिएका संरचनाहरुको प्रवेशद्वार ह्वीलचेयर गुड्ने खालका छन्। सरकारी कार्यालयमा पुगेर सम्बन्धित विभागमा पुगेर आफ्नो काम फत्ते गर्न चाहिँ कसैको सहारा लिनैपर्छ। जिल्ला प्रशासन कार्यालय झापाका एक कर्मचारीले भने- ‘अफिसभित्र पस्न ह्वील चेयरको प्रयोग गर्न सक्छन्। तर नागरिकता, पासपोर्ट वा अन्य कुनै काम लिएर आएको अपाङ्गता भएको व्यक्ति सम्बन्धित फाँटमा पुग्न चाहिँ सक्दैन।’ अपाङ्गमैत्री संरचनाका लागि प्रशासनले निर्देशन दिए पनि अनुगमन र तथ्याङ्क नभएको उनले बताए।

अधिकांश सरकारी कार्यालयहरुमा र्‍याम्पसहितको प्रवेशद्वार बनाइए पनि कार्यालय प्रवेशपछि सेवा प्राप्त गर्ने कोठासम्म पुग्न असहज रहेको नेपाल नेत्रहीन संघ झापाका सचिव भोजकुमार तामाङ बताउँछन्। अस्पताल, सरकारी निकाय, सार्वजनिक भवन एवम् डिपार्टमेन्टल स्टोरहरुमा र्‍याम्प राखी ह्वील चेयर घुमाउने ठाउँ छाडिएका हुन्छन्। तर, नेत्रहीनका लागि ब्रेललिपि, होचा-पुड्का व्यक्तिका लागि उपयुक्त शौचालय/बाथरुम, अटिजम भएकाका लागि उपयुक्त संरचना, सुस्त मनस्थिति एवम् बहिराहरुका लागि दोभाषे तथा संकेत चिह्न प्रयोग नहुँदा पूर्ण अपाङ्गमैत्री भन्न नसकिने सामाजिक विकास मन्त्रालय प्रदेश १ का अपाङ्ग फोकल पर्सन दुर्गा भण्डारीले बताइन्।

**प्रदेशको अवस्था**

मन्त्रालयका अनुसार हालसम्म प्रदेशभरमै दुईवटा संरचनामात्रै पूर्ण अपाङ्गमैत्री बनेका छन्। भण्डारीका अनुसार आदर्श मावि विराटनगर, कञ्चनजंघा पार्टी प्यालेस (विराटनगर-१४) पूर्ण अपाङ्गमैत्री छन्। विराटनगर आँखा अस्पतालका भौतिक संरचना अन्यको तुलनामा केही हदसम्म अपाङ्गमैत्री छ। मोरङको पथरीस्थित पञ्चायत माविले अपाङ्गमैत्री संरचना बनाएको प्रतिवेदन पेश गरे पनि अनुगमन गर्न बाँकी रहेको भण्डारीले बताइन्।

आदर्श मावि विराटनगरलाई भने विराटनगर महानगरपालिका, प्रदेश एवम् संघीय सरकारको सहयोगमा ‘नमूना विद्यालय’का रुपमा अघि बढाउने योजना रहेको उनले बताइन्। ‘भवनभित्र पस्न सक्ने वा ह्वीलचेयर गुड्ने ठाउँ मात्रै राखेका भवनहरुलाई अपाङ्गमैत्री भन्न सकिँदैन’ -भण्डारीले भनिन्- ‘सरकारी कार्यालयभित्र, अस्पतालभित्र वा स्कूलभित्र प्रवेश मात्रै गरेर त्यहाँको सेवा लिन सकेन भने के काम र ?’

अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका-२०६९’ को कानून बमोजिम बनिएका भौतिक संरचनालाई अपाङ्गमैत्री भन्ने गरिएको छ। विराटनगर बसपार्कमा बनेको शौचालय अपाङ्गमैत्री रहेको राष्ट्रिय अपाङ्ग महासंघ १ नं. प्रदेशका कार्यक्रम अधिकृत सरोज नेपालीले जनाए। सामाजिक विकास मन्त्रालयमा र्‍याम्प, काउन्सिलर र दोभाषेको व्यवस्था हुँदा मन्त्रालयका कामकारवाही केही हदसम्म अपाङ्गतामैत्री बनेको उनको भनाइ छ।

**कति छन् अपाङ्गता भएका व्यक्ति ?**

२०६८ को जनगणना अनुसार कूल जनसंख्या मध्ये अपाङ्गता भएकाको जनसंख्या लगभग २ प्रतिशत अर्थात् पाँच लाख १३ हजार तीन सय २१ छ। जनगणना २०७८ को विस्तृत प्रतिवेदन आइसकेको छैन। राष्ट्रिय अपाङ्ग महासंघले अपाङ्गता भएका व्यक्तिको अवस्थाको आधारमा १० भागमा वर्गीकरण गरेको छ भने सरकारले पनि सोही आधारमा कार्ड वितरण गरेर सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। जस अन्तर्गत शारीरिक ( स्नायु एवम् मांसपेशीको समस्या), दृष्टि सम्बन्धी अपाङ्गता (दृष्टिविहीन, पूर्ण दृष्टिविहीन, न्यून दृष्टि), बहिरा ( सुस्त श्रवण), श्रवण दृष्टिविहीन अपाङ्गता (सुनाइ र दृष्टि सम्बन्धी समस्या) स्वर र बोलाइ सम्बन्धी अपाङ्गता (बोली नै नआउने, स्वरको उतारचढावमा कठिनाई र अक्षर दोहोऱ्याउने) छन्।

त्यस्तै मानसिक वा मनोसामाजिक अपाङ्गता ( मस्तिष्कमा समस्या), बौद्धिक अपाङ्गता (वातावरण र उमेर सापेक्ष कृयाकलाप नभएका, डाउन्स सिन्ड्रोम समेत), अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजम सम्बन्धी अपाङ्गता (आत्मरतिमा रमाउने), बहुअपाङ्गता (एउटै व्यक्तिमा दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गता) छन्।


प्रदेश १ मा ९४ हजार छ सय ४० जना अपाङ्गता भएका व्यक्तिहरु रहेकामा ५१ हजार नौ सय ५९ पुरुष र ४२ हजार छ सय ८१ महिला छन्। अपाङ्गताको प्रकृति अनुसार उनीहरुलई स्थानीय पालिकाले पूर्णअशक्त अपाङ्गता : क वर्ग (रातो रङ्ग), अति अशक्त अपाङ्गता ‘ख’ वर्ग (निलो रङ्ग), मध्यम अपाङ्गता ‘ग’ वर्ग (पहेलो), सामान्य अपाङ्गता ‘घ’ वर्ग (सेतो) परिचय पत्र वितरण गर्दै आएको छ। जिल्लागत संयन्त्र हटिसकेको र प्रदेशमा पनि तथ्याङ्क संकलन भइनसकेका कारण प्रदेश १ मा कुन प्रकृतिका कति कार्ड वितरण भएका छन् भन्ने तथ्याङ्क नरहेको मन्त्रालयका फोकल पर्सन भण्डारीले बताइन्। ‘कति पहल गर्दा पनि तथ्याङ्क संकलन गर्न सकिएन, अब सफ्टवेयर विकास गरेर स्थानीय तहलाई उपलब्ध गराएपछि मात्रै यसको वास्तविक तथ्याङ्क संकलन सहज हुन्छ’ -उनले भनिन्।

**प्रदेशका अधिकांश संरचनामा सुधार आवश्यक**

प्रदेश १ का १४ जिल्लामध्ये ताप्लेजुङमा रहेका कुनै पनि संरचना अपाङ्गमैत्री नभएको पत्रकार महासंघ ताप्लेजुङका अध्यक्ष आनन्द गौतमले बताए। अस्पताल, सरकारी कार्यालय, सार्वजनिक भवनहरु अपाङ्गमैत्री छैनन्। अधिकांश संरचनाको प्रवेशद्वार साँघुरो छ। दुर्गा मावि फूलबारीको एउटा भवन अपाङ्गमैत्री बने पनि अधिकांश सरकारी कार्यालय, अस्पताल र विद्यालयहरुमा पुरानै संरचना रहेकाले अपाङ्गमैत्री नभएको उनको भनाइ छ।

पाँचथर, तेह्रथुम, धनकुटा, खोटाङ, उदयपुर, संखुवासभा, सोलुखुम्बु, ओखलढुङ्गा, मोरङ, सुनसरीका अस्पताल, विद्यालय एवम् सार्वजनिक भवन र मठमन्दिरका संरचना पूर्ण अपाङ्गमैत्री नभएको राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश १ ले जनाएको छ। महासंघको तथ्याङ्कमा विराटनगर बसपार्कको शौचालय मात्रै अपाङ्गमैत्री छ। पूर्वी पहाडका अधिकांश जिल्लामा जिल्लास्तरको एउटा मात्रै सरकारी अस्पताल छ ती





अस्पताल, सरकारी कार्यालय, सेवाप्रदायक निकाय, पार्टी कार्यालय एवम् व्यापारिक केन्द्र समेत पूर्ण अपाङ्गमैत्री नभएको महासंघले जनाएको छ।

**जिल्लाको तथ्यांकै छैन**

राज्य पुनसंरचनापछि जिल्लास्थित सरकारी सेवाप्रदायक निकायका इकाई एवम् शाखाहरु पालिका तहमा सारिएको छ। कतिपय सरकारी कार्यालयका जिल्लास्थित संरचना नै हटेका छन् भने भएकासँग पनि आधारभूत तथ्याङ्क छैन। बालबालिकाको सर्वाङ्गीण विकाससँग जोडिएको शिक्षा विकास तथा समन्वय एकाइसँग जिल्लाभरका विद्यालयको भौतिक संरचनाको अवस्था के छ भन्ने तथ्याङ्क नरहेको झापाका एकाइ प्रमुख राजकुमार विकले बताए। ‘भवन निर्माणको योजना पालिकातहमा नै जान्छ’ -उनले भने- ‘कसलाई दिने वा नदिने भन्ने निर्णय पालिकास्तरबाटै हुन्छ, त्यसको अद्यावधिक विवरण हामीकहाँ आउँदैन।’ नेपाल शिक्षक महासंघ झापाका संस्थापक अध्यक्ष तेजप्रसाद चम्लागाईले प्रत्येक पालिकामा शिक्षा विकास तथा समन्वय इकाइ रहेकाले विस्तृत विवरण पालिका तहबाट मात्रै खोज्न सकिने बताए।

**के छ अप्ठ्यारो ?**

कुनै एक प्रकृतिको अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरेर बनाइएका भौतिक संरचना अर्को प्रकृतिको अपाङ्गता भएका व्यक्तिका लागि अनुपयुक्त हुने नेत्रहीन संघ झापाका कोषाध्यक्ष दिलकुमार राजवंशी बताउँछन्। ‘अस्पतालहरुमा ह्वील चेयर गुड्ने बाटो बनाइएको छ तर यतिलाई नै पूर्ण अपाङ्गमैत्री मान्न सकिँदैन’ -उनले भने- ‘म अस्पताल गएँ, डाक्टरले भन्छन् एक्स-रे गर्न ५ नम्बर कोठामा जानु। ब्रेल लिपि छैन भने कसैले सहयोग नगरे म त्यहाँ पुग्नै सक्दिनँ।’

होचा, पुड्का, नेत्रहीन, सुस्त मनस्थिति, शारीरिक अपाङ्गता, अटिजम एवम् सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको पहुँच पुग्ने भवन निर्माणका लागि इञ्जिनियरहरुलाई तालिम प्रदान गर्दै आएको राष्ट्रिय अपाङ्ग महासंघ १ नं. प्रदेशका अध्यक्ष नवीन ढुङ्गेलले बताए।

अटिजम भएका बालबालिकालाई अध्यापन गराउने उद्देश्यले झापाको बिर्तामोडबजारस्थित महेन्द्ररत्न माविले कक्षाकोठा पुनर्निर्माण गरेपनि शिक्षक अभावका कारण पढाइ सञ्चालन गर्न नसकिएको प्रधानअध्यापक खड्ग खरेलले बताए। ‘संरचना बनियो, १८ जना विद्यार्थी भर्ना पनि गरेका छौं, तर हामीले नै अटिजम भएका बालबालिकाको स्याहार र रेखदेख गर्नै सक्दैनौं’ -उनले भने- ‘एकजना मेडमलाई अटिजम केयर सेन्टरमा तालिमका लागि पठाएका छौं, उहाँ आएपछि कक्षा शुरु गर्ने कुरामा पनि कोभिडका कारण अन्योल छ। स्याहार गर्ने कठिन भएका कारण एकजना शिक्षिकाले कतिजनालाई पढाउन सक्नुहुन्छ भन्ने पनि अन्योल छ।’

**यस्तो छ कानूनी व्यवस्था**

‘अपाङ्गता भएका ब्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका-२०६९’ ले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचनाको परिकल्पना गर्दै कानून मार्फत नै सुरक्षित गरेको छ। प्रस्तावनामै ‘सरकारी भवन, विद्यालय, विश्वविद्यालय, अस्पताल, स्वास्थ्य संस्था, धार्मिक स्थल, कार्यस्थल, सार्वजनिक सडक, सडकपेटी, यात्री प्रतीक्षालय, पार्किङ्ग स्थल, मनोरञ्जन स्थल, खेल मैदान, सम्मेलन केन्द्र, सिनेमा हल जस्ता सार्वजनिक स्थल र सर्वसाधारणलाई खुला गरिएका व्यावसायिक भवन, आवासीय भवन, होटल तथा रेष्टुरेण्ट, एटिएम बैङ्किङ सेवा जस्ता सार्वजनिक भौतिक संरचनामा उपयुक्त र्‍याम्प, ढोका, झ्याल, गाइडिङ्ग ब्लक र ब्रेल समेतको व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिको सहज आवागमन र उपयोगको लागि पहुँचयोग्य बनाउनुपर्ने’ उल्लेख छ। अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ बनाएको प्रस्तावनामा उल्लेख छ।

परिच्छेद १ मा स्लोप र्‍याम्प, कर्व र्‍याम्पको व्यवस्था गरी बाह्य सेवासुविधा र आन्तरिक सेवासुविधालाई अपाङ्गमैत्री बनाउनुपर्ने प्रावधान छ। निर्देशिकाले शौचालय, धारा एवम् सम्पूर्ण सेवाको प्रभावकारिताका लागि अपाङ्गमैत्री संरचना बनाउनुपर्ने प्रावधान सुनिश्चित गरेको छ। ‘नयाँ बन्ने सम्पूर्ण सडकहरु ह्वीलचियर प्रयोगकर्ता, बैशाखी प्रयोगकर्ता, कृतिम अंग प्रयोग गर्ने व्यक्ति, दृष्टिविहीन, होचा पुड्का लगायतका अपाङ्गता भएका व्यक्तिको आवागमनको लागि पूर्णतया पहुँचयुक्त बनाउनु पर्नेछ र पुराना सडकहरुमा विद्यमान रहेका अपाङ्गता भएका व्यक्तिको आवागमनमा अवरोध पुऱ्याउने सबै किसिमका अप्ठ्याराहरुलाई हटाइनुपर्नेछ’ -ऐनमा भनिएको छ- ‘सडक पार गर्ने ठाउँमा दृष्टिविहीन व्यक्तिको स्वतन्त्र आवागमनको लागि गाइडिङ्ग ब्लक विछ्याउनुपर्नेछ र पुराना सडकको हकमा मर्मत सम्भार गर्दा गाइडिङ्ग ब्लकहरु राख्नु पर्नेछ।’

**‘नियम बन्यो, संरचना बनेन’**

‘नियम बनो तर संरचना बनेन्’ -महासंघ प्रदेश नं. १ की निवर्तमान अध्यक्ष पार्वता श्रेष्ठले भनिन्- ‘१ नम्बर प्रदेशभरमै अहिलेसम्म विराटनगर-११ स्थित कञ्चनजंघा पार्टी प्यालेस मात्रै पूर्ण अपाङ्गमैत्री छ।’ प्रदेशका सरकारी कार्यालय, दशकयता बनेका अस्पताल, पालिकाका कार्यालयहरु आंशिकरुपमा अपाङ्गमैत्री रहे पनि यति नै छन् भन्ने तथ्याङ्क नभएको उनले बताइन्। ‘तर यी संरचनाका शौचालय, बाथरुम, धारा अपाङ्गमैत्री छैनन्’ -श्रेष्ठले भनिन्- ‘शारीरिक अपाङ्गता भएकालाई यस्ता संरचना केही सहज भएपनि बहिरामैत्री, नेत्रहीनमैत्री, अटिजम मैत्री भवनहरु छैनन्।’ अहिले अपाङ्गमात्रै भन्दा पनि सर्वमान्यमैत्री (ज्येष्ठ नागरिक, गर्भवती, सबै प्रकारका अपाङ्गता भएका व्यक्ति, भूकम्प प्रतिरोधी) संरचनाको बहस शुरु भइसकेको बताउँदै श्रेष्ठले थपिन्- ‘प्रदेशमै होटल, फ्याक्ट्री, अस्पताल, स्कूल पूर्ण अपाङ्गमैत्री छैनन्, भएका केही पनि आंशिक मात्रै छन्।’

**कानून कार्यान्वयन र अवसर आवश्यक**

अवसर नै नपाएको अवस्था र अपाङ्गता भएका व्यक्तिहरु माथि हुने विभेदको शिकार बन्दाबन्दै पनि धनकुटा- १ कचिडेकी झमककुमारी घिमिरे विश्वका उत्कृष्ठ १० साहित्यकारको सूचीमा पर्न सफल भइन्। झापा गरामनीका रमेश प्रसाई (नेत्रहीन) उनको वाक एवम् बौद्धिककलाका कारण संसारभर चिनिएका छन्।

नेपाल नेत्रहीन संघ झापाले त झापाको दमकमा आफ्ना सदस्यहरुको रोजगारीका लागि जुत्ता उद्योग नै सञ्चालनमा ल्याएको छ। यी सफलताको अध्ययन गर्ने हो भने अपाङ्गता भएका व्यक्तिहरुलाई अरु नागरिक सरह समान अवसर, सामाजिक सम्मान र कानूनी सुनिश्चितता मार्फत राज्यको संरक्षण चाहिएको छ।

पछिल्लो समय सरकारले विभिन्न कारणले पछि पारिएका नागरिकहरुलाई सबै क्षेत्रको मूल प्रवाहमा ल्याउन समावेशी सहभागितालाई सुनिश्चित गरेर समानताका लागि अवसरहरु प्रदान गर्दै आएको छ। अपाङ्गता भएका व्यक्तिहरुलाई पनि सरकारी सेवामा ५ प्रतिशत कोटा, सार्वजनिक यातायातमा ५० प्रतिशत भाडा छुट, सरकारी अस्पतालमा निःशुल्क स्वास्थ्य उपचार, सरकारी विद्यालयमा निःशुल्क शिक्षा, अपाङ्गताको प्रकृतिका आधारमा चारप्रकारका कार्ड वितरण गरेर सामाजिक सुरक्षा भत्ता, कतिपय स्थानमा सांकेतिक भाषाका लागि दोभाषेको व्यवस्था, भौतिक संरचनामा सुधार गर्दै आउनु सकारात्मक भएको राष्ट्रिय अपाङ्ग महासंघ १ नं. प्रदेश अध्यक्ष नवीन ढुङ्गेल बताउँछन्।

‘सेवा प्रदायक र सेवाग्राही सबै प्रकृतिका हुन सक्छन्, सार्वजनिक भवनहरु सबैले उपयोग गर्नुपर्छ भन्ने धारणा चाहिन्छ’ -ढुङ्गेलले भने- ‘आफू जुन अवस्थामा छ त्यही अवस्था मात्रै सम्झिएर सार्वजनिक संरचना बनाइनुहुँदैन। भवनहरुको स्टमेट गर्दा र नक्सा पास गर्दा सबैका लागि पहुँचयुक्त छन् कि छैनन् हेरेर पहुँचयुक्त भएमात्रै नक्सा पास गर्ने हो भने अपाङ्गता भएकै कारण कसैले पनि सेवाबाट वञ्चित हुनुपर्दैन।’

# विश्व बजारमा विद्युतीय सवारीको ठूलो फड्को, पछ्याउँदै नेपाल पनि



**राजकुमार गौतम**

खानीहरुमा सधैँ पेट्रोलियम पदार्थ रहिरहँदैनन् र प्रदूषण पनि नघटाउने हो भने थुप्रै जोखिम थपिँदै छन्। त्यसैले पनि अब संसारभर अटोमोबाइल जगतको ध्यान विद्युतीय सवारी मा छ। कार्वन उत्सर्जन घटाएर पृथ्वीलाई मान्छेको बसोबास योग्य बनाउनुपर्छ भन्ने आवाज बलियो हुँदा विश्वव्यापीरूपमा वातावरणमैत्री योजनाहरु अघि बढेका छन्। त्यसैको एउटा महत्वपूर्ण पाटो हो EV, (Electric Vehicle) अर्थात् विद्युतीय सवारी।

विश्वका सबैजसो मोटर निर्माताहरु यतिबेला इभीमा आकर्षित छन्। केहीले उत्पादनमा निकै ठूलो फड्को मारिसके, धेरैले प्लान्ट राख्दै छन्, केही पुरानो प्लान्ट विस्थापनको योजनामा छन्। केही वर्षयता इभीको विकासमा अटोमोबाइल जगतले ठूलो फड्को मारिसकेको छ। हामी आयातमा निर्भर भएकाले उद्योगका परिवर्तन केकस्ता छन् भनेर नजिकबाट हेर्न असमर्थ छौं। तर, बाटोमा अब बराबर देखिन थालेका इभीको संख्याबाटै संसार कता जाँदैछ भन्ने अनुमान गर्न गाह्रो छैन।

इभी क्षेत्रको वर्तमान अवस्था बुझ्नको लागि विगतका वर्षमा के भयो भनेर हेर्न आवश्यक छ। २०१९ मा विश्वव्यापीरूपमा हल्का विद्युतीय सवारीको संख्या २०१८ को तुलनामा केवल ९ प्रतिशतले बढी थियो। यो अघिल्लो छ वर्षको वृद्धि दरबाट हेरिएको हो। जुन ५० प्रतिशतको थियो। वर्ष २०२० ले भने समग्रमा नयाँ कार दर्तामा ठूलो वृद्धि देखाउन सकेन। कोभिड-१९ को महामारी र त्यसपछि आएको आर्थिक मन्दीका कारण सबै प्रकारका कारको विश्वव्यापी बजारमा नकारात्मक असर परेको थियो। वर्षको शुरुमा २०२० को विश्वव्यापी इभी बिक्रीको दृष्टिकोण एकदमै अप्रत्याशित थियो। तर, समयले देखाए अनुसार सन् २०२० मा भएको कोरोना महामारी र त्यसका प्रभावका बाबजुद पनि आश्चर्यजनक रूपमा सकारात्मक साबित भयो।

अब हामीबाट पनि ती दिन टाढा छैनन्, जब हामी राजमार्गमा निस्कन्छौं, मोडपिच्छे भेटिने होटल-रिसोर्ट र रेस्टुरेन्टहरुमा इभी चार्जिङको सुविधा हुनेछ। पेट्रोल पम्पहरुभन्दा धेरै इभी चार्जिङ प्वाइन्ट हुने छन्। केही समयका लागि सवारी आयात सरकारले निरुत्साहित गरे पनि जब खुल्छ, त्यसबेला भित्रिने सवारीमा इभीको संख्या उल्लेख्य रहने संकेत बजारले गरिरहेको छ।

**इभी ट्रेन्डले लिइरहेको गति**

डी-कार्बनाइजेसन चुनौतिद्वारा सञ्चालित अधिकांश प्रमुख राष्ट्रहरूले अहिले गम्भीरताका साथ इभी बजारको वृद्धिलाई लिएका छन्। २०२१ मा भएको इभी बिक्रीको इतिहासमा ठूलो परिवर्तनकर्ता हो र यो वर्षको अन्त्यसम्ममा ६.४ मिलियन सवारीसाधन इभी र हाइब्रिड संयुक्त विश्वव्यापी रूपमा बिक्री हुने अपेक्षा गरिएको छ।

इभीले २०५० को लागि निर्धारित शून्य उत्सर्जन लक्ष्यको महत्वकांक्षी उद्देश्यमा केन्द्रीय भूमिका खेल्ने रहेको छ। अटो मेकर र धेरैजसो देशहरुको उद्योग स्पष्टरूपमा यसको लागि तयारी गरिरहेको छ। अर्को उत्साहजनक कुरा त के हो भने इभी कारको बिक्री कति छिटो बढिरहेको छ। युरोपमा मात्रै इभी र हाइब्रिडले जनवरी र जुन २०२१ बीचको कुल कार बिक्रीको १४ प्रतिशत प्रतिनिधित्व गरेको छ। साथै २०२० को यही अवधिमा जम्मा सात प्रतिशत वृद्धि थियो। धेरै विज्ञहरुका अनुसार यो सही दिशामा गहिरहेको बताएका छन्। पूर्णरुपमा विद्युतीकरणमा जानको लागि बाटो अझै लामो छ।


**ग्लोबल इलेक्ट्रिक कार मार्केट सेयर र साइज**

सन् २०२० विद्युतीय सवारीको बिक्रीको हिसाबले पहिले नै ठूलो फड्को मारेको थियो। २०२१ एक नयाँ इतिहासको सिर्जना भयो। अहिले बजार बढिरहेको छ। यसको विश्व बजार तीव्रगतिमा बढ्दै छ। आर्थिक वर्षको पहिलो छ महिना (अप्रिलदेखि सेप्टेम्बर)लाई हेर्दा २०२१ मा युरोपमा १.०६ मिलियन नयाँ सवारी दर्ता भएका छन्। चीनमा १.१४९ मिलियन नयाँ सवारी दर्ता र संयुक्त राज्य अमेरिकामा दुई लाख ९७ हजार नयाँ सवारी दर्ता भएकामा नयाँ इलेक्ट्रिक कार दर्ताको सबैभन्दा बढी हिस्सा रहेको स्रोतले बताउँछ। धेरै युरोपेली सरकारहरूले प्रस्तुत गरेका प्रोत्साहन उपायहरूले गर्दा पनि युरोपमा विद्युतीय कार दर्तामा भएको वृद्धि संख्या २०१९ यताको तुलनामा धेरै छिटो बढ्दै गएको छ।

**अन्य विद्युतीय सवारीसाधनहरूको अवस्था**

यात्रु कारहरूले सामान्यतया इभी क्रान्तिको लागि सबै श्रेय पाउँछन्। बिस्तारै हरियाली हुँदै जाने यातायातका अन्य रूपहरूलाई पनि विचार गर्नु राम्रो हुने अटो मेकरहरु बताउँछन्। सार्वजनिक यातायातदेखि ई-स्कुटरहरू सम्पूर्ण यातायात उद्योग विद्युतीय बन्दैछ। २०२० र त्यसपछिको एउटा रोचक इभी प्रवृत्ति सार्वजनिक यातायात र साझेदारी अर्थतन्त्रसँग सम्बन्धित छ।

२०१७ मा तिनीहरूको उदय भएदेखि इलेक्ट्रिक माइक्रो मोबिलिटी विकल्पहरू द्रुतरूपमा विस्तार भएका छन्। विशेषगरी २०२० वर्षको दोस्रो भागमा इलेक्ट्रिक माइक्रो मोबिलिटीले गति लियो। अमेरिकामा मात्रै २०२० मा विद्युतीय सहयोगी साइकल (ई-बाइक)को बिक्री दोब्बरले बढेको छ। उही समयमा, युरोपले पनि विद्युतीय स्कुटर (ई-स्कुटर)को उदय देखिरहेको छ। ग्लोबल इभी आउटलुक २०२१ का अनुसार १०० भन्दा बढी युरोपेली शहरहरूले ई-स्कुटर सञ्चालन गर्न थालेका छन्। निजी स्वामित्वमा रहेका विद्युतीय दुई/तीन पाङ्ग्रे सवारीहरूको सबैभन्दा ठूलो एकाग्रता विशेष गरी चीनमा ९९ प्रतिशत छ।




हेभी ड्युटी ट्रक (एचडीटी) विद्युतीकरणको क्षेत्रमा निर्माताहरु गतिशिलताका लागि आफ्नो प्रतिबद्धता देखाउँदै छन्। धेरै ट्रक निर्माताहरू सबै इलेक्ट्रिक भविष्यको लागि प्रयास गरिरहेका छन्। २०२० मा विश्वव्यापीरूपमा एचडिटी दर्ताहरू १०% बढेको थियो। एचडीटी विद्युतीय सवारीसाधनहरूको अवस्थित फ्लिटलाई बदल्नु विश्वका लागि महत्वपूर्ण छ। किनभने आईसीई इञ्जिन भएका एचडीटीले ७० प्रतिशत कार्वन उत्सर्जनको जिम्मेवार छन्। यस्तै एचडीटीले आईसीई इञ्जिन सवारीसाधनहरूको १० प्रतिशत मात्र हिस्सा ओगटेको छ।

सन् २०२० देखि विद्युतीय बसको लोकप्रियता पनि बढेको छ। सन् २०२० मा विद्युतीय बसको विश्वव्यापी स्टक छ लाख थियो। चीनले मात्रै आफ्नो बजार प्रभुत्व कायम राख्दै गत वर्ष ७८ हजार नयाँ विद्युतीय बस दर्ता गरेको थियो। चिलीले २०४० सम्ममा आफ्ना सबै सार्वजनिक यातायातलाई विद्युतीकरण गर्ने लक्ष्य राखेको छ।

**इभी चार्जिङको अवस्था**

सबैभन्दा धेरै चार्जिङ अझै पनि घर वा काममा हुन्छ। तर, सडकमा जति धेरै विद्युतीय सवारी साधनहरू घुम्छन्, भविष्यमा त्यति धेरै सार्वजनिक चार्जिङ प्वाइन्टहरू आवश्यक पर्नेछ। २०१९ मा सार्वजनिक रूपमा उपलब्ध इभी चार्जरहरु युरोपमा मात्र एक लाख ७५ हजार छन्। २०२५ सम्ममा १.३ मिलियन सार्वजनिक इभी चार्जरहरू र २०३० सम्ममा २.९ मिलियन पुग्ने अपेक्षा गरेका छन्।

विश्वमा फास्ट चार्जिङ पनि सामान्य बन्दै गएको छ। फास्ट चार्जरहरूले लामो यात्रालाई धेरै राम्रो बनाउँछन् र निजी चार्जिङ पहुँच नभएकाहरूलाई विद्युतीय सवारी किन्नको लागि आकर्षित हुन सक्छ। यसले इभीलाई विश्व बजारमा अगाडि बढाउन सबैभन्दा प्रभावकारी तरिका हुन्छ। यसले लामोदुरी यात्रा गर्नेका लागि इभी राम्रो विकल्प हुन्छ।

**विद्युतीय सवारीसाधन र चार्जिङ प्रविधिको विकास**

अर्को रोचक परिप्रेक्ष नयाँ इभीको पार्ट्स र चार्जिङ प्रविधिहरूको विकाससँग सम्बन्धित छ। विद्युतीय कार दर्तामा भएको वृद्धिले अटोमोटिभ लिथियम आयन ब्याट्रीको उत्पादनमा वृद्धि भएको छ। जुन २०१९ को तुलनामा ३३ प्रतिशतले बढेको छ। चीन ब्याट्री उत्पादनको लागि विश्वको ७० प्रतिशतभन्दा बढी उत्पादन क्षमताको अग्रणी देश बनेको छ। अरु देशमा पनि धेरै नयाँ ब्याट्री प्लान्ट निर्माणहरू २०२० मा घोषणा गरिएका छन्। किनकि ब्याट्रीको मागले गत वर्ष विश्वमा इभीको उत्पादन क्षमता नाघेको थियो। ब्लूमबर्ग एनईएफका अनुसार २०३० सम्ममा विश्वव्यापी ब्याट्री उत्पादनमा युरोपको हिस्सा ३१% सम्म पुग्न सक्छ। यसको तुलनामा महादेशको विश्वव्यापी ब्याट्री उत्पादन २०२० मा ७ प्रतिशत मात्र थियो।

ब्याट्री विशेषताहरूमा विभिन्न प्रकारका विकासहरू, उपभोक्ता इलेक्ट्रोनिक्समा ब्याट्रीहरूको उच्च मागद्वारा सञ्चालित इभी व्यवसायलाई धेरै फाइदाहरू प्रदान गर्नेछ। इभी बजारको लागि थप प्राविधिक प्रगतिहरू समावेश छन्- जसमा ब्याट्री रसायनमा परिवर्तन, ऊर्जा घनत्वमा परिवर्तन र ब्याट्री प्याकको आकारमा परिवर्तन छन्। अन्ततः यी परिवर्तनहरूले ठूलो लागत कटौती र उत्पादन दक्षता वृद्धि गर्न नेतृत्व गर्ने व्यवसायी बताउँछन्। धेरै इभी उत्पादन प्लान्टहरूले नीति समर्थन बढेको कारणले उनीहरूको इलेक्ट्रिक कार उत्पादन क्षमता विस्तार गर्ने योजना बनाइरहेका छन्। यो ठूलो इभी बजारको लागि राम्रो समाचार हो। किनभने यसको मतलब इभीको आपूर्तिले मागलाई पुरा गर्न सक्षम हुनेछ।

**इभीको वातावरणीय प्रभाव**

२०२० मा इभीले लगभग ८० टेरावाट-घण्टा बिजुली खपत गरेको छ। जसको ठूलो अनुपात चीनमा दुई पाङ्ग्रे सवारीसाधनहरूको छ। २०२० मा विश्वव्यापी रूपमा कूल बिजुली खपतको लगभग १ प्रतिशत विद्युतीय सवारीसाधनहरूमा मात्र समावेश छ, जब इभी पहिले नै विश्वव्यापी वाहन फ्लिटको ४.६ प्रतिशत हो।

२०२० को अवधिमा ५० मिलियन टनभन्दा बढी कार्बन-डाइअक्साइड बराबर उत्सर्जन इभीको प्रयोगद्वारा विश्वव्यापी रूपमा बचत गरेको छ। व्यवहारमा इभीबाट हुने सबै उत्सर्जनहरू निर्माण प्रक्रियाको परिणामको रूपमा जन्मिन्छन्, जब कि समान तर्क आन्तरिक दहन इञ्जिन कारहरूमा लागू गर्न सकिँदैन। शून्य कार्वनको ठूलो योजनामा वातावरणीय प्रभावमा सार्वजनिक बहस गर्नेहरु इञ्जिन कारहरुभन्दा इभी कारहरुको पक्षमा परिणत भइरहेका छन्।

यद्यपि यो सत्य हो कि इभीले बिजुली खपत बढाउँछ। त्यो भविष्यमा ऊर्जा उपयोगिताहरूको बचत अनुग्रह बन्न सक्छ। २०४० सम्ममा विद्युतीय सवारीसाधनहरूले स्थापित ब्याट्री भण्डारण क्षमताको ३० टेरावाट घण्टाभन्दा बढी जोड्नेछ। उपयोगिताहरूका लागि यसको मतलब इभीहरूले सस्तो ऊर्जा भण्डारण प्रस्ताव गर्छन्। हालको विश्वमा भएका इभी सम्बन्धित नीतिहरू सरकारी र स्थानीय नीतिहरूले इभी अपनाउनमा ठूलो भूमिका खेल्छन्।

**नेपालको स्थिति**

नेपालमा विगत केही वर्षयता निजी सवारीसाधनका रूपमा विद्युतीय दुई पाङ्ग्रे र विद्युतीय कार पनि भित्रिएका छन्। नेपालमा हाल करिब छ हजार विद्युतीय दुई पाङ्ग्रे र एक हजार विद्युतीय कार रहेको नेपाल विद्युतीय सवारी संघ (EVAN) को अनुमान छ। वर्तमान सरकारको नियम अनुसार १०० किलोवाटसम्मका विद्युतीय सवारीसाधनमा १० प्रतिशत, १०० देखि २०० किलोवाटसम्मका विद्युतीय सवारी साधनमा १५ प्रतिशत र २०० देखि ३०० किलोवाटसम्मका विद्युतीय सवारीसाधनमा ४० प्रतिशत भन्सार महशुल लाग्नेछ।

नेपालमा पनि इभीको प्रयोग बढेको छ। सरकारले यसलाई सकारात्मकरूपमा लिएर करका दरहरु कम गरे पनि अपेक्षाकृतरूपमा प्रयोग उत्साहित भइसकेको मान्न सकिँदैन। कारण, शुरु-शुरुमा टेलिभिजन सेट विकास भएर बजारमा आएको जस्तै महँगा छन् इभी। निरन्तर प्रयोग र विकासले यो क्रमिकरूपमा सस्तिँदै जाँदा हामीले प्रयोग गर्ने साधन पनि विद्युतीय नै हो। *(एजेन्सीको सहयोगमा)*

# बिर्तामोड नपाले सरोकार निकायसँग गर्‍यो छलफल

**बिर्तामोड, जेठ २१।** बिर्तामोड नगरपालिकाले नगर क्षेत्रभित्र रहेका सरोकारवाला कार्यालय तथा संघ-संस्थाका प्रमखहरुसँग छलफल गरेको छ।

नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला र प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले बिर्तामोडमा रहेका समस्या र समाधानको उपायका विषयमा छलफल गरेका हुन्।

कार्यक्रममा बोल्दै नेपाल टेलिकम बिर्तामोड शाखाका प्रमुख सुमित थापाले टेलिकमका अप्टीकल फाइबर तारहरु चोरी हुने क्रम बढ्दै गएको बताए। उनले पछिल्लो एक महिनाभित्रमा सात स्थानबाट टेलिकमको तार चोरी हुँदा सेवा अवरुद्ध हुनुका साथै ठूलो नोक्सानी भएको जानकारी दिए। उनले इन्टरनेट सेवा प्रदायक संस्थाहरुले विद्युत तथा टेलिकमका पोलमा आफू खुशी राखेका तारहरु हटाउनुपर्नेमा जोड दिए।

नेपाल विद्युत प्राधिकरण अनारमनिका प्रमुख सुधिरकुमार रायले सडक बिस्तार तथा निर्माण गर्दा त्यसभित्र परेका विद्युतका पोलहरु सार्नु पर्ने र त्यसका लागि पूर्व जानकारी नहुँदा बजेट अभावका कारण समस्या भएको बताए। उनले पोल स्थानान्तरण गर्दा प्रक्रिया लामो तथा झञ्झटिलो हुने भएकोले त्यसको प्रक्रियालाई छोटो बनाउनु पर्नेमा जोड दिए।

कार्यक्रममा बोल्दै इलाका प्रहरी कार्यालय अनारमनिका डिएसपी रुगमबहादुर कुँवरले बिर्तामोडमा ९६ वटा सीसी क्यामेरा जडान भए पनि गुणस्तरीय कुनै पनि नरहेको बताए। बिर्तामोडमा बाइक चोरीका घटना बढेको भन्दै उनले मुख्य सडकको प्रवेशद्वारमा समेत सीसी क्यामेर अनिवार्य जडान गर्नुपर्ने बताए। सम्भव भएसम्म नाइटभिजन क्यामेरा जडान गर्नुपर्नेमा उनको जोड थियो।

सिमित जनशक्ति र सवारीसाधन बावजुत पनि प्रहरीले काम गरिरहेको भन्दै उनले बिर्तामोडमा लागूऔषधका घटनामा समेत वृद्धि हुँदै गएकाले यसको न्यूनीकरणको लागि विभिन्न कार्यक्रमहरु ल्याउनुपर्ने बताए।

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५
दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०



झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| लालबहादुर तामाङ<br>" | धुलाबारी-३<br>" | ३४२१<br>३४२२ | ०-१-७<br>०-४-१३ | हस्तबहादुर लिम्बू<br>" |
| लालबहादुर तामाङ<br>" | धुलाबारी-३<br>" | ३४२४<br>३४२५ | ०-०-८<br>०-२-७ | जमान सिंह लिम्बू<br>" |
| सोमी हेमरम | हल्दीबारी-९ | २९३७ | ०-१-० | लुदानु राजवंशी |
| दुर्गा धमला | दमक- २ | ६०४३ | ३३८.६४ | खर्ग बा./ राजनबा/खड्गबा.बुढाथोकी |
| रामप्रसाद दाहाल | दमक- ६ | १४७३६ | ०-०-१० | नरेन्द्रप्रसाद ओस्ती |
| ध्वजविर राई | मधुमल्ला- ६ | ४०७ | ०-५-० | गुन्टे भुजेल |
| पूर्णकुमार राई | मधुमल्ला- ६ | ४०८ | ०-२-० | गुन्टे भुजेल |


**स्कर्पियो भाडामा**
नेपालको जुनसुकै ठाउँमा जानको लागि सुविधायुक्त स्कर्पियो चाहिएमा हामीलाई सम्झनुहोस्।
मो. ९७४९२४३५७०, ९८१५००६०१२

**तु-आवश्यकता**
सेवाः ५०-५० प्रतिशत (बस्न र खाजाको सुविधा।)
यदि तलबमा बस्न चाहेमाः २२०००।- साथै बस्नेत फ्रेस हाउसलाई खसी काट्न, बेच्न सक्ने २ जना कर्मचारी आवश्यकता।
तलबः १२,०००देखि २५०००सम्म
खाना/बस्न/नास्ता तथा ड्रेसको पनि व्यवस्था छ।
सम्पर्कः ९८०३४०१९७०

**अब पानीटंकीमा**
चार चक्के सानो गाडी डेन्टीङ्ग, पेन्टीङ साथै इञ्जीन मर्मत सस्तो र भरपर्दो सेवा
MAMA BHANJA GARAGE
न्यू मार्केट मारुती सुजुकी बस स्टेण्ड पानीटंकी भारत
chanchal :
+91 9775379436, +977 9808612158
Partho
+91 9641135590, +977 9816989225




**होम डेकोर**
AAROHI
INTERNATIONAL PAINTING & DEVORATIVE PVT. LTD.
HOME DECOR
Interior Homes Decoration Gypsum Cornice



यहाँ सम्पूर्ण कलरबाट गर्ने डिजाइनहरु Arts, 3D Wall Painting, Wall Sticker र Wall Paper अनि तपाईहरुले चाहे जस्तै घरका सम्पूर्ण Painting को काम सुपथ मूल्यमा गरिन्छ। यहाँ घर, पसल, मार्केटहरुमा सम्पूर्ण कलहरुबाट डिजाइन गरिन्छ।
प्रोप्राइटर : रोशन बानियाँ
पश्चिम बस स्टेण्ड बिर्तामोड, झापा (फोन नं. ९८१८९५४९१३)
नोट : यहाँ कलर पाउनका साथै घर निर्माण पनि गरिन्छ।

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा
- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्कः
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**कर्मचारी आवश्यकता**
पदः P.R.O. कार्यालय सहायक
संख्याः १० जना (महिला/पुरुष)
योग्यताः एसएलसी पास वा +२
तलबः १५१,००।-सम्म
नोटः सञ्चयकोष र बोनसको व्यवस्था छ।
सम्पर्कः ग्रेट फ्युचर कम्पनी
भद्रपुर रोड, बिर्तामोड
मो. ९८१४३९७३४०, ९८१९३४८९७२

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई**
सम्पर्कः
9808705206
9863983668
9807930740
9827930240




**विशेषज्ञ डाक्टरहरूको सेवा**
डा. अजय अग्रवाल
MBBS, MD
वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ
प्रत्येक दिन बिहान : ८:३०-९:३०
बेलुका ५:००-६:०० बजेसम्म
डा. पिताम्बर ठाकुर
MBBS, MD
वरिष्ठ फिजीसीयन
प्रत्येक दिन बिहान : ११:००-१:००
दिउसो ३:००-५:०० बजेसम्म
अन्य सेवाहरू : हाडजोर्नी तथा नशा रोग, बालरोग, नाक, कान, घाटी रोग, छाला तथा यौनरोग, बाथरोग तथा टाउको तथा मानसिक रोगको विशेषज्ञ डाक्टरहरुद्वारा दैनिक सेवा उपलब्ध छ।
नोटः यहाँ डिजिटल एक्स-रे, भिडियो एक्स-रे, इसीजी तथा आधुनिक प्याथोलोजी ल्यावको सेवा रहेको छ।
सम्पर्कः ठाकुर पोलीक्लीनिक
बिर्तामोड, पश्चिम स्टेण्ट, फोन नं. : ०२३-५९०००८, ९८१७९६४७७९



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दूरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आज स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहने छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
व्यापार-व्यवसायमा फाइदा हुने तथा धन लाभ हुने योग रहेको छ। मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, आजको दिन मन प्रशन्न रहला।